# खण्ड १

# परिचय

## १.१ भूमिका

मानवको सिकारी अवस्थादेखि सामाजिक, आर्थिक, धार्मिक र राजनैतिक विकासको अवस्थामा पुग्नका लागि सामुहिक सोचाई, सामुहिक रूपमा काम गराइ र सामुहिक रूपमा बसाइले ठूलो भूमिका निर्वाह गरेको हुन्छ । एक जना व्यक्तिको प्रयासले मात्र हाम्रो समस्या समाधान हुन सक्दैनन् । समस्या समाधानको लागि भिन्न व्यक्तिहरूको सामुहिक सोचाइ, प्रयास, सहयोग र सहकार्य आवश्यक पर्दछ । त्यसैले सामुहिक हितका लागि सँगै बस्ने, सँगै विचार गर्ने र सँगै काम गर्ने पद्दतिलाई सामान्य अर्थमा सहकारिता भनिन्छ ।

युरोपका अगुवा बेलायत, फ्रान्स, जर्मनी लगायतका देशहरूमा इ.सं. १७६० देखि १८३० मा नयाँ नयाँ आविष्कारहरू भएका कारण औद्योगिक क्षेत्रमा क्रान्तिकारी परिवर्तन आयो । खासगरी सर जेम्स वातले वाकबाट चल्ने इन्जिनको आविष्कार गरेपछि स्वचालित यन्त्रको निर्माणले पूँजीवादी उत्पादन प्रणालीमा ठूलो फड्को मारेको देखिन्छ । इ.सं. १७८९ बाट सुरु भएको फ्रान्सेली राज्य क्रान्ति इ.सं. १८३० मा पुग्दा पूर्णरूपले पूँजीवादी क्रान्तिमा रूपान्तरण भयो । फ्रान्सको राज्यक्रान्तिले पूर्ण आकार लिएपछि पूरै यूरोपको राजनीतिमा हलचल पैदा भयो । पूँजीवादी उत्पादनमा राजनीतिमा हलचल पैदा भयो । पूँजीवादी उत्पादनमा भएको प्रगतिले हुने र नहुने विचको खाडल बढ्दै गयो । उत्पादन केन्द्रीकरण हुन थालेपछि केही व्यक्ति र कम्पनीहरू सम्पन्नताको शिखरमा पुगे भने श्रमजीवि जनताको ठुलो पंक्ति दिन दिनै गरिबीको खाडलमा झर्दै गयो । अर्थशास्त्री, समाजशास्त्री, दर्शनशास्त्रीहरू पनि अनेक विचारसहित प्रस्तुत हुन थाले । जर्मनका हेगेलको द्वन्द्ववाद र भौतिकवादी दर्शन, बेलायतका डेभिड रिकार्डो र आडमस्मिथको राजनीति अर्थशास्त्र, फ्रान्सका सेन्ट साइमन, चाल्सकुरिए र बेलायतका खर्तओपेन जस्ता समाजवादका प्रवर्तक समाजवादी चिन्तकहरूको विचारले युरोपभरी नै दर्शनशास्त्र, अर्थशास्त्र, राजनीतिशास्त्रमा नयाँ हलचल पैदा गरेको थियो । यसैबेला कार्लमार्क्सले समाजवादी संरचनाको अवधारणा अघि सारे । १८ औं शताब्दीको पछिल्लो कालमा औद्योगिक क्रान्तिले तीव्र परिवर्तन हुन थाल्यो । घरेलु उद्योगको स्थान ठूला ठूला कलकारखानाले लिन थालेका थिए । स्वतन्त्र र

आत्मनिर्भर अर्थतन्त्रले देशको सिमाबाहिरका उपभोक्तामा भर पर्न थालेका थिए । ग्रामीण जनता सहर पस्ने, सहरको उत्पादनले ग्रामीण घरेलु उत्पादनलाई विस्थापित गर्ने, सहरमा बेरोजगारी, गरिबी अस्वस्थकर बस्तीहरू, मजदुरमाथि व्यापक शोषण भैइरहेको थियो । हिजोका आत्मनिर्भर ग्रामीण र घरेलु उद्योग तथा व्यापारका मालिकहरू उत्पादनका साधन विहिन र रोजगार बिहिन बन्दै गएका थिए । उता जर्मनमा यहुदी व्यापारीको चरम शोषण र चर्को व्याजका कारण कुनै किसानको जमिन यहुदी व्यापारीको बन्दकीमा नपरेको थिएन । घरमा गाईवस्तु अचल सम्पत्ति सारा यहुदी व्यापारीका धरौटीमा परेको थियो । औद्योगिक, क्रान्तिले झन बढी मात्रामा पूँजीको केन्द्रीकरण भैइरहेको यस्तै स्थितिमा ब्रिटेनमा खर्ट ओवेन तथा रोचडेली पायोनियरहरूले उपभोक्ता सहकारीको स्थापना गरेर आफ्ना समस्या आपसमा मिलेर आफै हल गर्न खोजेका थिए । उता जर्मनका एच.डब्लु.डेफिसन्ले ग्रामीण जनताका बीचमा वचत तथा ऋण सहकारीका माध्यमले शोषणबाट बच्ने उपायको खोजी गरेर फ्रान्सीस सुल्जको अगुवाइमा नगरहरूमा बचत तथा ऋण सहकारी संस्थाको स्थापना गरेर समुहले समुहको हितमा काम गरेको पाइन्छ । त्यसैगरी चिन, स्वीडेन, इजरायल, क्यानडा, भारत लगायतका थुप्रै राष्ट्रहरूले सहकारी मार्फत विकास अगाडि बढाएको पाइन्छ । नेपालमा पनि सहकारीको विकासको इतिहास वि.सं. २०१० साल अर्थात सन् १९५३ मा खाद्य एवं कृषि मन्त्रालय अन्तर्गत सहकारी विभागको स्थापनाद्वारा सुरु भयो (वडाल, २०६२) ।

मानवको सभ्यताको विकास हुनमा पनि सहकारी भावनाको विकास भएको पाइन्छ । अर्थशास्त्रीहरूले सहकारीलाई यस्तो एउटा व्यवसायिक संगठनको रूपमा लिएका छन् जहाँ विचौलिया व्यापारीहरूबाट हुने शोषणको मुक्ति पाइन्छ । त्यस्तै समाजशास्त्रीहरूले सहकारीलाई सामाजिक आर्थिक आन्दोलनको रुममा विश्वास गर्दै सामाजिक उत्पीडनबाट मुक्ति प्राप्त गर्ने एउटा साधन हो भनेका छन् । परम्पराबाट चल्दै आएका गुठी, ढिकुटी, धर्म भकारी, भेजा जस्ता सबैखाले आर्थिक, सामाजिक तथा संस्कृतिका गतिविधिको विकसित, वैधानिक एवं आधुनिक रूप हो, सहकारी अर्थात मिलेर वा सहकार्य गरेर सामूहिक समस्या समाधान गर्ने प्रकृया हो सहकारी । आधुनिक समाजमा व्यक्तिवादी प्रवृत्ति र व्यवसायको अन्त्य गर्ने साधनको रूपमा समेत सहकारीलाई लिइदै आएको छ (सहकारी प्र.केन्द्र,२०६२) ।

सहकारीलाई भिन्ना भिन्नै देशमा भिन्ना भिन्नै तरिकाले बुझ्ने र लागु गर्ने गरिएको पाइन्छ ।अनेक फाँटका अनेक व्यक्तिका अनेक भनाइहरू हुन सक्दछन् । कानुनविद्हरूलाई

सोध्यो भने सहकारीका सदस्यहरूले कानुनी अधिकारहरू बारे अभ्यास गर्न सक्दछन् भनि बताउँछन् । समाजवादीहरूले यो एउटा यस्तो समाज व्यवस्था हो जसबाट वर्गसङ्घर्ष विना नै शोषणलाई समाप्त पार्न सकिन्छ भन्दछन् । यस्तै, क्रान्तिकारी मार्क्सवादीहरू"समाजवादी समाज निर्माणको जगर्ने सहकारी आर्थिक धार हो" भन्दछन् (बडाल, २०६२) ।

सन् १९८३ मा बेलायतको चर्चियट हलमा २८ जना (१ महिला समेत) कपडा कारखानाका जुलाहाहरू आफ्ना ज्याला बढाउन छलफल गरी १, १ पौण्ड बचत गरी सहकारी अभियान संचालन गरेकोबाट के बुझिन्छ भने विश्व सहकारीको सुरुबाट नै सहकारीमा महिला सहभागिता रहेको थियो । नेपालजस्तो विकासोन्मुख देशले दिगो विकास हासिल गर्न एवं गरिबी हटाउन गरिब जनताहरू विशेष गरी महिलाहरूको सशक्तिकरण गर्दै तिनको स्वनियन्त्रण र आत्मनिर्भरताका लागि सहकारी एकमात्र सावित हुन सक्छ । ऋणमा उचित पहुँच, सुरक्षित र भरपर्दो बचत तथा वीमा सेवाहरू उपलब्ध गराए लघु व्यवसाय सुरु गर्न संसारभर वित्तिय सेवाको पहुँचमा महिलाहरू सक्षम भएका छन् । जसले अन्ततोगत्वा तिनका बच्चाहरू स्कुल पढाउन, स्वास्थ्य हेरचाहमा पहुँच र घरवासका लागि तिनका परिवारलाई सक्षम तुल्याउँदै जिवनस्तर सुधार गर्न मद्दत गरेका छन् (सहकारी प्रतिवेदन २०६२) ।

गरिब महिलाको बाहुल्य रहेको आजको स्थितिमा सहकारी कार्यक्रमको विकास तथा विस्तार गरी उनीहरूलाई त्यसमा सहभागी गराई सहकारी व्यवसायको माध्यमबाट उनीहरूलाई सशक्त बनाउनु अति आवश्यक भएको छ । सहकारिता सामुहिक दायित्व र उपभोगमा विश्वास राख्दछ । समाजभित्र छरिएर रहेका सीमित श्रम, स्रोत, साधन र पूँजीलाई एकत्रित गरी सामूहिक सहभागिताबाट समस्य समाधान गर्न र लक्षित उद्देश्य हासिल गर्ने कार्य सहकारिता हो । महिलाहरूको सक्रिय र प्रत्यक्ष सहभागिता विना सहकारी कार्यक्रमले सफलता पाउन सक्दैन । सहकारी कार्यक्रम पूर्णत प्रजातान्त्रिक मूल्य, मान्यता र प्रकृयामा आधारित भएको हुँदा यसमा सदस्यहरू स्वेच्छाले आफ्नो उन्नति र विकासमा सङ्गठीत भई लाग्दछन् । समाजमा स-साना रूपमा छरिएर रहेका श्रम, स्रोत, साधन र पूँजीलाई एकत्रित गरी सामूहिक प्रयास र सहभागिताबाट आफ्नो उन्नति गर्न सहकारी एक प्रवल माध्यम हो । छरिएर रहेका स-साना पूँजी, सिप र साधनलाई संगठीत तुल्याई महिलाको सहभागितामा प्रजातान्त्रिक निर्णयबाट त्यसको परिचालन गरी विभिन्न व्यवसाय वा उद्योग धन्दाको सञ्चालनद्धारा समुदायमा रोजगारीको अभिवृद्धि गर्ने र यस्ता उद्योग

व्यवसायमा नीति र योजनादेखि नेतृत्व तहसम्म सदस्यहरूलाई सहभागी बनाई उनीहरूको आर्थिक तथा सामाजिक विकास गर्न सहकारीले सघाउ पुऱ्याउने हुँदा सहकारी महिलाको लागि कोशेढुङ्गा सावित हुन सक्छ (थापा, २०६२) ।

विश्व सहकारीको इतिहासदेखि नै सहकारीमा महिला सहभागिता रहेको र विश्वका १ अरब मानिसहरू सहकारीमा आवद्ध छन् । नेपालमा करिब ८ हजार भन्दा बढी सरकारीहरू संचालनमा छन् र यसमा महिलाको सहभागिता पनि उल्लेख्य रहेको छ । महिलाहरूले मात्र संचालन गरेका सहकारीको सङ्ख्या यति नै छन् भनेर आधिकारीक रूपमा जानकारी नभए तापनि विभिन्न प्रकृतिका थुप्रै सहकारीहरू महिलाहरूबाट सञ्चालित छन् ।

## १.२ समस्याको कथन

वि.सं. २०६८ सालको जनगणना अनुसार सङ्ख्यात्मक रूपमा पुरुषहरूको भन्दा महिलाहरूको सङ्ख्या बढी छ तर सोचनिय कुरा के छ भने बहुमत महिलाहरू निरन्तर रूपले अल्पमत पुरुषहरूको अधिनमा छन् र पुरुषहरूको दौडमा अत्यन्तै पछाडि छोडिएका छन् । वास्तवमा समाजरूपी रथ एउटा पाङ्ग्रोको सहारामा चलेको छ र अर्को पाङ्ग्रो धेरै पछाडी छोडिएको छ । यी दुवैको अर्थपूर्ण सहभागिता विना मुलुकको विकासले गति लिन नसकेको तितो सत्य हामीले भोगीरहेका छौं । स्मरणीय छ, नेपाली महिलाहरू पुरुषको तुलनमा अधिक काम गर्दछन् र त्यसमा पनि महिलाहरूको काम र समय बालबच्चाको स्याहार सुसार र सरसफाई जस्ता अनुत्पादक क्षेत्रमा वित्ने गर्दछ । थुप्रै स्थानहरूमा महिलाहरू अझै पनि सामाजिक एवं पारम्पारिक कुरीतिको शिकार बन्न बाध्य छन् । आफ्नो शरीरमाथि आफ्नो नियन्त्रण छैन । कति बच्चा जन्माउने ? कति फरकमा जन्माउने? उनीहरूको आफ्नो निर्णय छैन । फलस्वरूप मातृत्वको अनुभूति गर्न नपाई सानै उमेरमा मृत्युवरण गर्न पुग्दछन् भने कतिपय दाइजो असन्तुष्टिका कारण मानसिक र शारीरिक तनाव लिदै जिउँदै जल्न समेत पुग्छन् ।

स्त्री शक्तिका वर्षअनुसार झण्डै ७७ प्रतिशत महिलाहरू विभिन्न खाले घरेलु हिंसाका सिकार बनेका छन् । आर्थिक उपार्जन र परिचालनमा नेपाली महिलाहरू निष्कृय तुल्याइएका छन् । महिला सशक्तिकरण हुनका लागि मुख्य गरी ६ मापदण्ड रहेका हुन्छन् । ती हुन् (१) आर्थिक, (२) सामाजिक (३) राजनैतिक (४) शैक्षिक (५) लैङ्गिक (६) मनोवैज्ञानिक सहकारी

यी मापदण्डहरू पुरा गर्ने प्लेटफर्म बन्न सक्छ । देशको निर्णय प्रक्रिया र नेतृत्व तहमा नेपाली महिलाको सहभागिता अझै न्यून रहेको यो स्थितिमा सहकारी माध्यमबाट बढी भन्दा बढी महिलाहरूलाई निर्णय र नेतृत्व तहमा काम गर्ने मौका प्रदान गर्न सकिन्छ । स्थानीय स्तरमा संचालित महिला सहकारी कार्यक्रमले धेरै ग्रामीण महिलाहरूलाई सशक्त, स्वावलम्बी र नेतृत्व लिन सक्ने क्षमतावान तुल्याउन सक्दछ । सहकारीलाई १० वर्षको द्वन्द्वले पनि प्रभाव पार्न सकेन । धेरै महिलाहरूले सहकारीबाट रोजगारी प्राप्त गर्न सफल भएका छन् भने आफ्नो गर्जो टार्दै व्यवसाय संचालन गरिरहेका छन् । सहकारी कर्मीहरू ग्रामीण तहदेखि राष्ट्रिय तहसम्म एउटै अभियानमा सङ्गठीत र आवद्ध भएर काम गर्दछन् । त्यसैले सहकारीमा महिला संलग्नताले महिला सशक्तिकरण हुन सहयोग पुग्दछ । सहकारीमा आवद्ध हुनुभन्दा अगाडि र आवद्ध भएपछि महिलाहरूको अवस्था कस्तो छ, के-के उपलब्धि प्राप्त गर्नुभयो भन्ने कुरा निम्न लिखित प्रश्नहरूले समेट्ने छन् ।

१. सहकारीको माध्यमबाट महिलाहरूले के कस्ता गतिविधिहरू संचालन गरेका छन् र त्यसको कस्तो प्रभाव पारेको छ ?
२. सहकारीमा आवद्ध भएपछि महिलाहरूको सामाजिक र आर्थिक अवस्था कस्तो छ ?
३. सहकारीमा आवद्ध भएपछि महिलाहरूको क्षमता अभिवृद्धि र सामाजिक स्थितिमा कस्तो प्रभाव पारेको छ ?

## १.३ उद्देश्यहरू

यस अनुसन्धानको सामान्य उद्देश्यभनेको सहकारीमा सहमागिताले महिलाको सामाजिक र आर्थिक जिवनमा पारेको प्रभावलाई विवेचना गर्नु हो । यसका लागि यो अध्ययनका निम्त विशिष्ट उद्देश्य रहेका छन् ।

१) सहकारीको माध्यमबाट महिलाहरूले स्वभाविक रूपमा कस्ता गतिविधिहरू संचालन गरेका छन् तिनीहरूको खोजी गर्नु ।
२) सहकारीमा आवद्ध भएपछि महिलाहरूको सामाजिक, आर्थिक अवस्थामा पारेको प्रभावको विश्लेषण गर्नु ।
३) सहकारीमा आवद्ध भएपछि महिलाहरूको क्षमता अभिवृद्धि र सामाजिक स्थितिमा आएको परिवर्तनकोविवेचना गर्नु ।

## १.४ अनुसन्धानको औचित्यता

जनसङ्ख्याको आधाभन्दा बढी भाग ओगटेको महिलाहरू (जनगणना २०६८) को हैसियत पुरुषको तुलनमा निकै पछि परेको छ । विकासको लागि महिला र पुरुषको भूमिका उति कै महत्वपूर्ण हुन्छ । आधा अकाश ओगट्ने महिलाहरूलाई बाहिर राखेर गरिएका कार्यक्रमहरूले सफलता पाउन नसकेको कारण सन् १९७० को दशकदेखि महिला सम्बन्धी मुद्दाहरूले बढी चासो पाएका छन् । विभिन्न अर्न्तराष्ट्रिय समुदायले समेत महिला विकासका लागि थुप्रै रकम सहयोगका नाममा उपलब्ध गराई रहेका छन् । नेपाल सरकारले योजना मार्फत महिला वर्गको हितका लागि थुप्रै कामहरू गर्दै आएको छ । महिला विकास कार्यक्रमहरूबाट थुप्रै कार्यक्रमहरू संचालित छन् । नेपाल सरकारले कृषि तथा सहकारी मन्त्रालय मार्फत सहकारी डिभिजन कार्यालयबाट सहकारी संस्था दर्ता, लेखा एवं अन्य तालिम छलफल, गोष्ठी जस्ता कार्यक्रमहरू अगाडि बढाई सहकारी व्यवस्थापनका लागि लागिपरेको छ ।

राष्ट्रिय एवं अर्न्तराष्ट्रिय स्तरबाट संचालित कार्यक्रमहरूका योजना बनाउने, नीति नियम बनाउने, निर्णय गर्ने, कार्यान्वयन गर्ने जस्ता कार्यक्रमहरूमा महिलाहरूको पहुँच पुग्न नसकेकाले केवल पुरुषले गरेका कार्यमा सहयोगीका रूपमा कार्य गर्ने गर्दा महिलाहरूको नेतृत्व एवं निर्णय गर्ने क्षमतामा विकास भएको पाइँदैन । फलस्वरूप महिला सशक्तिकरणका नाममा खोलिएका थुप्रै सहकारी र गैरसहकारी संस्थाहरूले महिलाका नाममा थुप्रै रकम भित्र्याउन सफल भएपनि त्यसको प्रतिफल टाठाबाठा वर्गले मात्र लिन सकेका छन् र समग्र महिलाको स्थिति राम्रो हुन सकिरहेको देखिदैन । महिला वर्गभित्रपनि एकल महिला, जनजाती र दलित महिलाको अवस्था तुलनात्मक रूपमा निकै अपहेलित र पिडादायक छ । नेपाल अधिराज्यका ७५ जिल्लामा सञ्चालित महिला सहकारी कार्यक्रमले विभिन्न क्षेत्रहरू जस्तो आयआर्जन, शिक्षा, चेतना तथा क्षमता अभिवृद्धि लगायत शिक्षा स्वास्थ्यमा परेका समस्या सकारात्मक वा नकारात्मक प्रभावको यथार्थ मूल्यांकन गरी कार्यक्रमका सवल पक्षलाई अगाडि बढाउन र दुर्वल पक्षलाई हटाउनको लागि सम्बन्धित सरोकारवाला निकायहरू कृषि तथा सहकारी मन्त्रालय, सहकारी विभाग, सहकारी डिभिजन कार्यालय, सहकारी संघसंस्थालाई यो अनुसन्धानले मार्गदर्शन गर्नेछ । अनुसन्धान क्षेत्रको रूपमा छनोट भएको खैरेनिटार महिला विकास बहुउद्धेश्य सहकारी संस्थामा योजना तर्जुमा गर्न रणनीतिहरू तय गर्न, व्यवसायिक योजनाहरू बनाउनका लागि यसले सहयोग गर्दछ ।

सहकारी संस्थाहरूको संस्थागत विकासको स्थिति जाँच गर्न सहकारी परिचालनको मोडल जसले समग्रतालाई जोड दिएको हुन्छ । त्यस अन्तरगत पनि विपन्न वर्गका महिलाको अवस्था के कस्तो परिवर्तन आयो वा आएन, सहकारीबाट विपन्न वर्ग लाभान्वित भए या भएनन् उनीहरूका लागि छुट्टै कार्यक्रमको आवश्यकता छ वा सबै मोडलमा समेटिन सक्दछन् भन्ने कुराको जाँच गर्न सकिनेछ ।


आयआर्जनको वृद्धि गर्न भनि सबै सहकारी संस्थाहरूले गरेको बचत तथा ऋणको सदुपयोग भएको छ वा दुरूपयोग भएको छ, लगानीबाट महिलाहरूको आय स्तरमा, चेतना तथा क्षमता अभिवृद्धि एवं महिला सशक्तिकरणको पक्षमा के-कस्तो प्रभाव पर्‍यो पत्ता लगाउन यो अनुसन्धान सहायक सिद्ध हुनेछ र सहकारी सञ्चालकहरूलाई भावि योजना बनाउन सहयोग पुग्नेछ । यो अनुसन्धानले महिला बचत तथा ऋण सहकारी मार्फत महिलाको हैसियत माथि उठाउन एवं महिला सशक्तिकरण लगायत महिलाका अन्य विविध पक्षमा अनुसन्धान गर्न अन्य अनुसन्धान कर्तालाई प्रेरित गर्नेछ ।

## १.५ अध्ययनका सिमा

तनहुँ जिल्लाका १८ वटा महिला बचत तथा ऋण सहकारी संचालनमा छन् तापनि खैरेनीटार महिला विकास बहुउद्देश्य सहकारी संस्थालाई मात्र नमुनाको रूपमा छनौट गरिएको छ । अन्य महिला सहकारीहरूलाई समेट्न सकिएको छैन् ।

- तनहुँ जिल्लामा सहकारीबाट मात्र नभई महिला विकास शाखा र गैरसरहकारी संस्थाले महिला विकासका लागि बचत तथा ऋण समुह गठन गरी कार्यक्रम चलाई रहेका छन् । तर अनुसन्धानका ती सबैलाई समेट्न सकिएको छैन ।
- महिला बचत तथा ऋण सहकारीले व्यापक क्षेत्रमा परिवर्तन ल्याउन सक्ने भएपनि उद्देश्यमा किटान गरिएको विषयमा बाहेक अन्य पक्षलाई समेट्न सकिएको छैन ।
- खैरेनीटार महिला बचत तथा ऋण सहकारीका सदस्य महिलाहरू खैरेनीटार गा.वि.स. वडा नं. १, २, ३, ४, ५, ६, ७, ८, ९ नं.वडाभित्रका आमा समुह तथा महिलाहरू लक्षित वर्ग हुनेछन् ।बचत तथा ऋण सहकारीमा आवद्ध भएका महिलाहरूको क्षमता अभिवृद्धि र सामाजिक स्थितिमा पारेको प्रभावको अध्ययन गरिनेछ ।

## १.६ अवधारणागत संरचना




सहकारीमा महिलाहरूको सहभागिताले महिलाहरूको शसक्तिकरणका लागि टेवा प्रदान गर्छ । छरिएर रहेको स-साना पूँजीलाई एकत्रित गरी सामूहिक रूपमा अगाडि बढ्न हौसला प्रदान गर्दछ । सहकारीमा विधिवत दर्ता भइसकेपछि पाउने विभिन्न तालिमहरूले महिलाहरूको क्षमता अभिवृद्धि र नेतृत्व विकास, आय आर्जन, जीवनस्तर सुधार, संस्थागत सुधार गराउन सहयोग गर्दछ । आफूलाई आवश्यक रकम लिई आयमूलक कार्यहरूमा लगानी गर्नाले रोजगारीका अवसरहरू वृद्धि भई बेरोजगारी बस्न नपर्ने साथै घरपरिवामा यसले प्रत्यक्ष राम्रो प्रभाव पारी अन्त्यमा गरिबी न्यूनिकरणमा टेवा मिल्न जान्छ साथै सामाजिक विकास, आर्थिक विकास, मनोवैज्ञानिक विकास, राजनैतिक विकास भई एउटा सक्षम व्यक्तित्व निर्माण हुन्छ । महिला शसक्तिकरण भएको पाउन सकिन्छ ।

## १.७ अध्ययनको संगठन

यस शोधपत्रको बनावट आठ खण्डमा संगठीत छ । पहिलो खण्डमा अध्ययनको पृष्ठभूमि (भूमिका) समावेश गरिएको छ । दोस्रो खण्डमा विभिन्न क्षेत्रका दार्शनिक र विशेषज्ञहरूका प्रतिवेदनहरू लेखहरू समावेश गरिएको छ । त्यसैगरी तेस्रो खण्डमा अनुसन्धानको ढाँचामा तथ्यांक संकलनका विधिहरू समावेश गरिएको छ भने खण्ड ४ देखि खण्ड ७ सम्म विभिन्न स्रोतबाट जम्मा भएका तथ्यांकहरूको प्रस्तुतिकरण, विश्लेषण र तथ्य पत्ता लगाउने काम भएको छ । खण्ड ४ मा जनसांख्यिकीय शैक्षिक अवस्था समावेश गरिएको छ । खण्ड ५ मा सामाजिक प्रभावको विश्लेषण र खण्ड ६ मा आर्थिक प्रभावको विश्लेषण गरिएको छ भने खण्ड ७ मा संलग्न महिलाहरूमा स्वस्फूर्त रूपमा आएको परिवर्तनबारे उल्लेख गरिएको छ भने खण्ड ८ मा पुरा अनुसन्धानको अध्ययन, सांराश, निष्कर्ष र सुझावहरू समावेश गरिएको छ ।

# खण्ड २

# साहित्य समिक्षा

## २.१ सहकारीको अवधारणा र सैद्धान्तिक पक्ष

प्रत्येक व्यक्ति, समुदाय तथा राष्ट्र आफै बढी विकसित हुन चाहन्छ । यो एउटा मानविय गुण हो की प्रत्येक मानिस यथास्थितिबाट माथि उठ्न चाहन्छ । अरु बढी सफल, समुन्नत र सक्षम हुन चाहन्छ । यसबाट के भन्न सकिन्छ भने विकास भनेको वर्तमानमा हुने सकारात्मक परिवर्तन हो, जुन समाजको संरचनात्मक परिवर्तनसँग सम्बन्धित छ । वास्तवमा विकासका लागि समुन्नत समाज जो पराधिनता, शोषण र दमनबाट मुक्त भएको हुनुपर्छ । सबै वर्ग वा समुदायको समतामा आधारित पहुँचको अभिवृद्धिलाई विकास भन्न सकिन्छ । त्यसैले विकास वितरण प्रणालीसँग पनि सम्बन्धित छ । विकास कुनै एउटा तौलन सक्ने वस्तु नभएर यसको प्रकृति नितान्त गुणात्मक हुन्छ जसमा मानविय  क्षमताका कारण आफ्ना स्रोत र साधनको अधिक प्रयोग गरिन्छ । मानव सभ्यताको विकासका शुरुका दिनहरूमा जनसङ्ख्या ज्यादै कम थियो । त्यसबेला मानिसहरूलाई आफ्ना आधारभूत आवश्यकता पूरा गर्न गाह्रो पर्दैनथ्यो । तसर्थ त्यस समयमा मानिसहरू आफैंमा निर्भर थिए । जवजब मानव सभ्यताको विकासक्रम बढ्दै गयो तब आवश्यकता र चाहनामा पनि वृद्धि हुँदै गयो । आवश्यकता र चाहना पूरा गर्ने वस्तु र सेवाहरूको उत्पादन आफैले गर्न गाह्रो हुदैं आयो फलस्वरूप मानिस मानिस बीच सहयोग र समन्वय स्थापना गर्नुपर्ने आवश्यकता सृजना हुन थाल्यो । यसबाट आफूले उत्पादन गरेका वस्तु र सेवा अरुलाई दिने र अरुले उत्पादन गरेका वस्तु र सेवा आफूले लिने प्रथाको शुरुवात हुन थाल्यो । यसले गर्दा अरु र आफ्नो आवश्यकतालाई पूरा गर्न उत्पादन प्रणालीको विकास भयो । यस धारणाले वस्तुहरूमा आफ्नो स्वामित्व आवश्यक पर्ने कुरा महसुस हुन थाल्यो । त्यसबेलाको समयमा हालको जस्तो भौतिक साधन स्रोत र सुविधाको विकास भएको थिएन । क्रमश आफूले उत्पादन गरेको वस्तुलाई वस्तु विनिमय प्रणाली अनुसार आवश्यकताको पूर्ति गर्ने माध्यमको रूपमा विकसित हुन थाल्यो । विकास सँगसँगै आवश्यकता पनि बढ्न थाल्यो र पूर्ति पनि बढ्न थाल्यो । समाज वस्तु विनिमय प्रणालीबाट क्रमशः मुद्राको माध्यमले खरिदविक्री गर्ने प्रणालीमा पुग्न थाल्यो । जसले गर्दा वस्तु सेवाको उत्पादनदेखि वितरणसम्म व्यवसायिक

प्रणालीको सुरुवात हुन थाल्यो । सभ्यताको विकाससँगै मानिसहरूमा सहकारीताको भावनाको विकास प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा हुँदै आएको पाइन्छ । आजको संसारमा सम्पत्ति आर्जन गर्ने, बेचविखन गर्ने, संगठनमा स्वतन्त्र रूपमा सहभागी हुने, स्वतन्त्र रूपमा आर्थिक क्रियाकलापमा भाग लिई आर्थिक विकास गर्ने र सामाजिक प्रतिष्ठा कायम गर्ने तर्क सहयोग पुराउने माध्यमको रूपमा सहकारी आन्दोलनले विश्वव्यापी मान्यता पाएको छ ।

## २.२ पूर्व अध्ययनको समिक्षा

एजुकेटेड वुमन गभरमेन्ट इम्प्लोइमेन्ट (अ केस स्टडी) अफ पोखरा सव मेट्रो पोलिस एण्ड कास्की डिस्ट्रिक्ट डेभलपमेन्ट कमिटी अफिस) भन्ने विषयमा गरिएको अध्ययनले सहकारी सेवामा पुरुषको तुलनात्मक एक चौथाई भन्दा पनि कम मात्रामा महिलाहरूको सङ्ख्या रहेको त्यसमा पनि अधिकृत तह वा निर्णायक तहमा महिलाहरूको संलग्नता अझै कम रहेको उल्लेख गर्नुभएको छ । साथै शिक्षा र नोकरीले महिलाको क्षमता र जीवनस्तरमा सुधार ल्याउने निचोड आएको छ (ढकाल, २००७ ले पोखरामा अध्ययन गर्दा यस्तो पाउनुभएको) ।

सोसियो इकोनोमिक स्ट्याटस अफ एजुकेटेड इम्प्लोईड वुमन इन वन्दीपुर भिलेज डेभलपमेन्ट कमिटी, तनहुँ भन्ने शीर्षकमा गरिएको अध्ययनमा जागिरे महिलाहरूको शैक्षिक स्तर कम भएकोले उनीहरू तल्लो तह र अस्थायी पदमा रहेका छन् । अधिकांश महिलाहरूले कार्यालय र घरको गरी दोहोरी भूमिका निर्वाह गरिरहेका छन् । उनीहरू सबैजनाले महिलाको सामाजिक, आर्थिक स्थितिलाई उकास्नको लागि महिला शिक्षालाई नै महत्वपूर्ण जोड दिएको कुरा निचोडमा आएको छ (पिया, २००७ ले यसमा गरेको अध्ययनमा फेला परेको) ।

सोसियो ईकोनोमिक स्ट्याटस अफ वुमन फार्मर (अ सोसिओलोजिकल स्टडी अफ भदौरे तामाङ्गी भी.डी.सी. कास्की) शीर्षकमा गरिएको अध्ययनमा पितृसत्तात्मक र पितृसत्तात्मक सोचले जरा गाडेको समाजमा महिला कृषकहरूको सामाजिक र आर्थिक अवस्था गरिब र शोषित भएको पाइन्छ । प्रत्यक्ष लाभ नहुने घरायसी काममा महिलाको बढी प्रयोग हुन्छ । धेरै महिला कृषकहरू बचत कार्यक्रममा संलग्न देखिन्छन् भने कम मात्र महिला कृषकहरूले क्षमता विकास तालिम पाएका छन् । एकातिर महिलाहरूलाई निर्णय प्रकृयामा संलग्न गराइदैन भने अर्कातिर महिलाहरू अझैपनि निर्णय प्रक्रियामा संलग्न हुन

हिचकिचाउँछन् । उनीहरू विभिन्न आधारमा सामाजिक र आर्थिक रूपमा शोषित छन् । पुरुषहरू कम मात्रामा शारीरिक काममा संलग्न हुन्छन् भने महिलाहरू पुरुषको तुलनामा बढी काम गर्छन तर पनि उनीहरूले समाजमा कम आर्थिक महत्व पाउँछन् भन्ने निचोड रहेको पाइन्छन् (गुरुङ्ग, २००७) ।

नेपालका महिलाहरूको अवस्थाको बारेमा मिना आचार्यले (१९८१) परम्परागत नेपाली समाजमा जात, वंशज र पारिवारिक अवस्थाले गर्दा महिलाहरूको सामाजिक सम्बन्ध तथा अन्तक्रियामा शोषण गरिरहेको छ । यस्ता तत्वहरूले गर्दा महिलाहरूको अवस्था समाजपिच्छे फरक-फरक रहेको छ (कोइराला १९९७ मा उदृत) ।

नेपाली महिलाहरूको अवस्था विकसित मुलुकहरूको महिलाको भन्दा दयनीय छ । एक्काइसौं शताब्दीसम्म पनि यहाँको पितृसत्तात्मक सोच, रुढीवादी परम्परा, अशिक्षा, गरिबी तथा अन्धविश्वासले गर्दा नै महिलाहरू पछाडि परेका कारणहरू हुन् (उप्रेती १९८८) ।

यि अभिव्यक्तिहरूले सम्पूर्ण रूपमा राष्ट्र निर्माण, समावेशी विकास आदिको विषयमा आफ्नो धारणा राखेको पाइन्छ । सहकारिताले नागरिकलाई संगठीत भई आफ्ना तथा समुदायको विकास गर्ने अवसर प्रदान गर्छ । व्यक्ति, समाज, गाऊँ, जिल्ला हुँदै समग्र राष्ट्रको विकासका लागि सहकारिता एउटा महत्वपूर्ण औजारको रूपमा स्थापित हुन सक्दछ । सहकारीताले सदस्यद्धारा, सदस्यले सदस्यको लागि गरिने कार्य भएकाले यो जुनसुकै समयमा पनि सदस्य तथा समुदायको हितमा समर्पित भएको हुन्छ । राज्यले नीति निर्माणको तहमा रहेर सहकारी व्यवसाय संचालन गर्न सहज वातावरण सृजना गरेमा सहकारी संस्थाले देश विकासको कार्यमा आ-आफ्नो क्षेत्रबाट महत्वपूर्ण योगदान पुऱ्याउन सक्दछ ( सेन्टर फर माइक्रो फाइनान्स, २०६५, असोज) ।

नेपालका अधिकांश जनताहरू गरिब छन् । ति मध्य गरिब महिलाहरू नै बढी छन् । एक दशक लामो देशको आन्तरिक द्धन्द्धका कारणले धेरै ग्रामीण महिलाहरू विस्थापित हुन पुगेका छन् र विस्थापित महिलाहरूको थप सङ्ख्याले गर्दा देशको जनसङ्ख्याको एउटा ठूलो वर्ग महिलाहरू अति गरिबीको अवस्थामा बाँच्न बाध्य छन् । गरिब महिलाहरूको बाहुल्य रहेको आजको स्थितिमा सहकारी कार्यक्रमको विकास तथा विस्तार गरी उनीहरूलाई त्यसमा सहभागी तुल्याई सहकारी व्यवसायको माध्यमबाट उनीहरूलाई सशक्त बनाउन अति आवश्यक भएको छ । विश्वका करोडौं मानिसलाई रोजगारी दिन र प्रजातान्त्रिक प्रकृयाबाट आफ्नो विकास आफैले गर्ने मौका प्रदान गर्न सहकारी अभियान सफल भएको

छ । जनताले आफ्नो लागी आफैद्धारा शासन चलाउने प्रजातन्त्रको मूल स्वरूप तथा मान्यतालाई अंगालेको सहकारी अभियानको आवश्यकता २१ औं शताब्दीमा अझ बढी हुन पुगेको छ । देशको निर्णय प्रकृया र नेतृत्व तहमा नेपाली महिलाको ३ प्रतिशतको सहभागिता रहेको आजको स्थितिमा सहकारी माध्यमबाट अझ बढीभन्दा बढी महिलाहरूलाई निर्णय र नेतृत्व तहमा काम गर्ने मौका प्रदान गर्न सकिन्छ । यसबाट बढीभन्दा बढी महिलाहरू राज्य संचालनका निर्णायक तहमा सहज रूपमा पुग्न सक्नेछन् । आफ्नो विकास कार्यक्रमको नीति निर्माण, योजना तर्जुमा र कार्यान्वयन तहमा सहभागी हुन नपाएका नेपाली महिलाहरू सशक्त बन्न पुग्दछन् । स्थानिय स्तरमा संचालित महिला सहकारी कार्यक्रमहरूले धेरै ग्रामीण महिलाहरूलाई सशक्त, स्वावलम्बी र नेतृत्व लिन सक्ने क्षमतावान तुल्याउन सकेका उदाहरण हाम्रो समक्ष छन् । हाल नेपालमा लाखौं महिलाहरू सहकारीमा संलग्न छन् । बहुउद्देश्यीय, बचत तथा ऋण, दुग्ध उपभोक्ता आदि विभिन्न सहकारी व्यवसायमा महिलाहरूको सहभागिता बढ्दै गएको छ र त्यसबाट धेरै महिलाहरूले रोजगारी प्राप्त गरेका छन् र आफ्ना सामाजिक एवं आर्थिक उन्नति गरेको देखिन्छ । सहकारिताको सहि तथा व्यापक परिचालनबाट दिगो विकास गर्न सकिन्छ (थापा, २०६२) ।

"सहकारिता संयुक्त स्वामित्व र प्रजातान्त्रिक नियन्त्रणयुक्त व्यवसायमार्फत साझा आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता र आकांक्षा पूर्ति गर्न स्वेच्छाले संगठीत भएका व्यक्तिहरूको स्वायत्त संस्था हो । (अन्तराष्ट्रिय सहकारी महासंघ १९९५) ।

सहकारीले स्थानिय आवश्यकताको पूर्तिका लागि स्थानिय स्रोत र साधनको परिचालन गरी स्थानिय स्तरको उत्पादनमा आत्मनिर्भर बन्न उत्प्रेरित गर्दछ, जागरण ल्याउँछ । यसबाट सामाजिक विकासको विस्तारमा आम जनसमुदायको सक्रिय सहभागिता रहन्छ (हेन्ज र दाहाल, २०५६) ।

महिलाहरूले सहकारीमार्फत स्रोत र साधनमा पहुँच पुऱ्याउने एउटा प्लेटफर्म बनाउन सक्दछन् जहाँबाट श्रमजीवि महिलाहरूको आवाज प्रभावकारी रूपमा अगाडी आउन सक्छ (सुर्लौक १९९४) ।

सहकारीबाट सामाजिक र आर्थिक लक्ष्यको अपेक्षा राखिएको हुन्छ । उपयोग गर्न नसकिएका स्रोत साधनहरूको उपयोग गर्ने, त्यसलाई उत्पादनमा वृद्धि एवं परिचालन गर्दै अवसरबाट सामाजिक न्याय र समानताको अपेक्षा गरिन्छ । (वाविस्कार १९९३)

जबसम्म महिलाहरू आर्थिक र सामाजिक रूपले आत्मनिर्भर हुँदैनन्, तबसम्म उनीहरूमा आत्मबल, नेतृत्व तथा निर्णय लिने र दिने क्षमता विकास हुँदैन । सहकारी कर्मीहरू ग्रामीण तहदेखि राष्ट्रिय तहसम्म एउटै अभियानमा संगठीत  र आवद्ध भएर काम गर्दछन् । सहकारी परिपाटीमा स्थानिय स्तरका महिलाहरूले पनि राष्ट्रिय नेतृत्व गर्ने क्षमता र मौका प्राप्त गर्न सक्दछन् । सहकारी अभियानमा लागेका महिलाहरूको आत्मबल र आत्मविश्वासको कारणबाट समाजका अन्य क्षेत्रमा पनि उनीहरू प्रतिस्पर्धा गर्न सक्षम हुन्छन् । नेपाल जस्तो विकासशील देशले दिगो विकास हासिल गर्न एवं गरिबी हटाउन सहकारी संघ, संस्थाहरू गरिब जनताहरू र विशेष गरी महिलाहरूको सशक्तिकरण गर्दै तिनको स्वनियन्त्रण र आत्मनिर्भरताका लागी लघुक्तिको पहुँच विस्तार गर्ने कार्यक्रममा प्रभावकारी अस्त्र सावित भएका छन् । न्यून आय र गरिब व्यक्तिहरूलाई वित्तिय सेवा उपलब्ध गराउने कार्यमा सहकारी संस्थाहरूको लामो इतिहास रहेको छ । संयुक्त राष्ट्र संघको अध्ययनले यो बताउँदछ की ऋणमा उचित पहुँच, सुरक्षित र भरपर्दो बचत तथा विमा सेवाहरू उपलब्ध गराएर ति संस्थाहरूले सदस्यहरूको सम्पत्ति सुरक्षा र तल्लो तहका बर्गको रोदन घटाउन सहयोग गर्दछन् । ऋण संघहरूले गरिब र न्यून आय भएका समुदायलाई लघुक्ति सेवाहरू पुऱ्याउन सक्दछ । विशेष गरी महिलाहरूलाई लघुक्तिको सेवा दिने प्रावधानमा कृषकहरूको भूमिका अहम् छ । लघु व्यवसाय शुरु गर्न संसारभर वित्तिय सेवाको पहुँचमा महिलाहरू सक्षम भएका छन् जसले अन्तर्तगोत्वा आफ्ना बच्चाहरू स्कूल पढाउन, स्वास्थ्य हेरचाह, पहुँच र घरवासका लागि परिवारलाई सक्षम तुल्याउँदै जिवनस्तर सुधार गरेका छन् (रा.स. सं.प्र. २०६२) ।

देशको आधा जनशक्तिको रूपमा रहेका महिलाहरू देश विकासमा सदा सर्वदा संलग्न रहेपनि अशिक्षा, अस्वास्थ्य, गरिबी एवं रुढीवादी व्यवहारका कारण सम्पत्ति, आय, रोजगार आर्थिक एवं अन्य स्रोतको पहुँचबाट टाढा छन् । जबसम्म महिला र पुरुष वर्ग साथसाथै पूर्ण रूपमा राष्ट्र उत्थान कार्यमा संलग्न हुँदैनन् तबसम्म देशको आर्थिक, सामाजिक स्थितिमा सुधार आउन सक्दैन (रा.यो.आ (२०५४-२०५९) ।

परम्परागत सामाजिक दृष्टिकोणमा अपेक्षित रूपमा सुधार हुन नसक्नु, लैङ्गिक विभेद सम्बन्धी कानुनी संरचनामा अपेक्षित सुधार नहुन, केही सामाजिक क्षेत्रमा सरकारी लगानीको वृद्धिदर कम रहनु जस्ता कारणले महिलाहरूको स्तरमा तुलनात्मक रूपले उल्लेखनीय रूपमा सुधार ल्याउन सकिएको छैन । आर्थिक स्रोत तथा अवसरहरूमा पहुँच

पनि कम भएकाले महिलाको आर्थिक सशक्तिकरणका लागी लघु ऋण कार्यक्रम, महिला विकास कार्यक्रम, सिप विकास कार्यक्रम, महिला जागृति तथा आय आर्जन कार्यक्रम, सहकारी कार्यक्रम संचालन भएका छन् । विशेष गरी बचत तथा ऋण सहकारी कार्यक्रममा महिलाको उल्लेखनीय सहभागिता भएको र संलग्नताको परिणामस्वरूप सामाजिक रूपमा महिलाको पहिचानमा मद्दत पुगेको देखिन्छ भनि उल्लेख गरिएको छ । दशौं. रा.यो. (२०५९-२०६४)

नवल परासी जिल्लामा संचालित सहकारी संस्थाहरूले त्यस क्षेत्रका बासिन्दाहरूको लागि आवश्यक पर्ने उपभोग्य वस्तु, कृषि उपज लगायत सामग्रीहरूको आपूर्ति र वितरणका साथै बचत तथा ऋण कार्यक्रम संचालन गरी सेवा पुऱ्याइरहेका छन् । राष्ट्रिय सहकारी विकास बोर्डले नवलपरासी जिल्लामा एकसय भन्दा बढी सहकारी संस्थामध्ये ११ वटालाई एकिकृत भन्दा बढी सहकारी संस्थामध्ये ११ वटालाई एकिकृत सहकारी विकास आयोजना अन्तर्गत राखि कार्यक्रम संचालन गर्दै आएको छ । जसबाट त्यस भेगका बासिन्दाहरूका लागि मल, विउ, किटनाशक औषधि आदि कृषि उत्पादनका क्षेत्रमा आवश्यक सामग्री र उपयोग वस्तु चिनी, तेल, चामल दाल आदि सरल र सुपथ ढंगले जनतालाई उपलब्ध गराउन सक्रिय भएका छन् । त्यसैगरी जनतालाई आवश्यक पर्ने स-साना ऋण दिएर उनीहरूलाई बैंकसम्म धाउन पर्ने झन्झटबाट मुक्ति दिलाउन समेत आयोजना प्रभावकारी भएको छ । (पौडेल २०५६)

हिमालपारी मुस्ताङ्ग जिल्लाको एक गाउँका स्थानिय कृषक जनताहरूले सहकारीको माध्यमबाट बारीको घाँस बेची एकजना कृषकले औसतमा सालभरीमा ४००० जतिको घाँस व्यापारीलाई बेच्दा रहेछन् । त्यो गाउँमा एउटा सानो सहकारी संस्थाले गाउँका सारा सदस्यलाई समेटेर प्रत्येकको पारिवारिक आम्दानीमा वृद्धि गराउन सफल भएका छन् । त्यस्ता सम्भावनाहरू प्रशस्त छन् हाम्रा गाउँघरमा । मुख्य बाली बाहेक पनि कागति, केरा, पिडालु, मेवा, ओखर, अम्बा, कुभिन्डो, दालचिनी जस्ता धेरै थरीका चिजविजको सहकारी बजार व्यवस्था मिलाई सहकारीबाट तिनको खेती विस्तार गर्दै सदस्यहरूको पारिवारिक आम्दानीमा सयौं रूपैयाँको योगदान गर्न सकिन्छ । (रेग्मी, २०५६)

विराटनगर १५ का महिलाहरूले सहकारी मार्फत (महिला क्षमता केन्द्र) ऋण लिई मसला उद्योगसँगै चनाको सातु, सर्वोत्तम पिठो, सिन्की, मरिचको धुलो, मेथिको धुलो जस्ता

खाद्य वस्तुको उत्पादन गरी आफ्नो सामाजिक र आर्थिक अवस्था सुधार्नका साथै समयको सदुपयोग गर्दै अन्य थुप्रै महिलाहरूलाई रोजगारी दिन सफल भएका छन् ।

सहकारी विपन्न र पिछिडिएका वर्गका लागि कोशेढुङ्गा सावित हुन पुग्छ भन्ने उदाहरण भारतको गम्भीरा भन्ने ठाउँमा सन् १९५३ देखि संचालन हुँदै आएको एक सहकारी हो । संस्था सुरु हुनुभन्दा अगाढि बाढी आई उब्जाउ जमिन बालुवामा परिणत भएपछि त्यहाँका पूरै गाउँका किसानहरूले के खाऊँ, के लाऊँ भन्ने समस्याबाट ग्रसित भए । सोही अनुसार उनीहरूले यसको उपायको लागी सहकारीलाई एउटा माध्यम बनाए । आफ्नो ३६ वर्षे कार्य अवधिमा यस संस्थाले विपन्न अवस्थामा रहेका २९१ किसानहरू जो मर्न बाच्नको दोसाँधमा थिए । तिनीहरूलाई सामूहिक खेती प्रणाली मार्फत आम्दानीका स्रोतहरू पहिल्याउन लगाइ गरिबीको रेखा माथि उठाउन सफल भएका छन् । सहकारीबाट नै आज भारतका महिला सहकारी कर्मीहरूले लिजर्ड पापड र अमुल डेरीको उत्पादन गरी विश्व बजारमा पुऱ्याउन सफल भएका छन् । यसबाट संलग्न महिलाहरूको सामाजिक एवं आर्थिक विकास माथि उठ्न सकेको छ । (रा.स. विकास बोर्ड, २०६२)

स्याङ्जा पुतलीबजार लगायत अन्य ठाउँ अर्जुन चौपारीका महिलाहरूले सहकारी मार्फत ऋण लिइ पशुजन्य र तरकारी उत्पादनबाट वार्षिक थुप्रै रकम आम्दानी गर्न सफल भएका र यसले उनीहरूको आर्थिक र सामाजिक विकास भएको छ । (गोरखापत्र २०६२)

सधैं जसो चुलो र चौकीमा सीमित रहने गरेका पर्वत शिवालय गा.वि.स. का महिला संगठीत भइ आयआर्जन तर्फ सक्रिय हुन थाले पछि उनीहरूको जीवन यापनमा सहजता आएको छ । यहाँस्थित प्रगति महिला विकास बचत तथा ऋण सहकारी संस्थामा आवद्ध भई सुलभ व्याज दरमा ऋण प्राप्त गरी सानो सानो उद्यम संचालन गर्न पाएपछि उनीहरूको जीवनयापनमा सहजता आएको हो । आफैले स्थापना गरेको महिला विकास सहकारी संस्थाबाट ऋण प्राप्त गरेपछि यहाँका महिलाहरूको सिलाई बुनाइ, भैसीपालन, बाखापालन, बङ्गुरपालन, होटेल व्यवसाय तथा खुद्रा पसल जस्ता व्यवसाय संचालन गरी आय आर्जन गरेका छन् । संस्थाको सदस्य मिठु पौडेलको संस्थाबाट ऋण लिइ होटल व्यवसाय गरी सोही व्यवसायबाट आफ्नो सम्पूर्ण परिवार पालिएको अनुभव छ । राधिका पुरीले २५,००० ऋण लिइ खुद्रा पसल गरेकी छन् । सहकारीबाट महिलाहरू आयमुलक कृयाकलापमा सहभागी भएपछि उनीहरूको निर्णय क्षमतामा समेत विकास भएको महिला विकास सहकारी संस्थाको अध्यक्ष सरस्वती भण्डारी बताउँदछिन (गो.प. २०६३) ।

सहकारी आन्दोलनको चरणमा नेपालले वि.स. २०५४ देखि अर्न्तराष्ट्रिय मान्यता पायो । ICA- International Co-operative Alliance को सदस्यता प्राप्त गऱ्यो । आज बेलायतमा कृषि क्षेत्रमा सबैभन्दा ठूलो कर्महरू छन् भने सहकारी क्षेत्रमा नै छन् । म्यानचेष्टर शहरमा कार्यलय भएको थोक विक्री सहकारी संस्था - Cooperative Wholesale Society Curs सहकारिता भन्नु नै निम्न वर्गका अर्थात आम उत्पादक र उपभोक्ताको प्रत्यक्ष र अप्रत्यक्ष उत्पादन, वितरण र व्यवस्थापनमा समस्त सहभागिता हो । पारदर्शिता, सहभागितामूलक र प्रजातान्त्रिक ढंगबाट निर्माण गरी प्रत्यक्ष फाइदा अर्थात सेवाका लागि सहकारी संघ संस्थाले काम गर्दछन् । सहकारी संस्थाहरू स्वयंसेवक, परस्पर सहयोग, व्यक्तिगत जिम्मेवारी, प्रजातन्त्र, समानता, स्वतन्त्रता र एकतामा आधारित हुन्छन् । सहकारी संस्थाका सदस्यहरूले नैतिक मुल्य, इमान्दारिता, खुलापन र सामाजिक दायित्वमाथि विश्वास गर्दछन् । यो न नाफा न घाटाको व्यवसाय हो । सेवामुलक हो तर निशुल्क होइन, आर्थिक व्यवसाय हो तर नाफा मूलक होइन । सहकारी संघ संस्थामा आदेश र सिद्धान्तलाई पालना गरेर लाग्ने हो भने ठूलो त्याग, समर्पण, इमान्दारीता र धैर्यता आवश्यक चाहिन्छ । व्यक्तिगत लाभ आर्जनको इच्छा गर्ने मान्छे सहकारी आन्दोलनमा लाग्न हुँदैन र लाग्दैनन् पनि इजरायलमा कृषि र यातायात सम्पूर्ण सहकारीले चलाएको छ । जापानमा कृषि र सहकारी भनिन भएको एकजनासम्म कृषक छैन, कोरिया र जापानमा सहकारी क्षेत्रमा महा विद्यालय, विश्वविद्यालय र प्रशस्त तालिम केन्द्रहरू छन् । भारतमा दुध, चिनी, नुन, खाद्यान्न, मल, फलफूल, माछा, कुखुरा सहकारी संघ संस्थाहरूबाट उत्पादन, प्रसोधन तथा वितरण गरेका छन् र सरकारको पूर्ण अनुदान, सहुलियतपूर्ण ऋणमा हिस्सेदार छ । एउटा सुगर मिलमा हजार होइन लाखौं लाख सदस्य छन् र प्रत्येक सदस्यले प्रत्येक सेवा पाएका छन् र तिनीहरूको जिवन स्तर उठेको छ । सरकारले गरिबी निवारण गर्नु छ वा रोजगारीको अवसर हुनु छ वा ग्रामीण विकास गर्न छ भने सहकारी क्षेत्रको माध्यमबाट मात्र यो सम्भव छ । यस्ता कामहरू २, ४ वटा मात्र थालेको १० वर्षमा देशको अवस्था आकाश पातलको अन्तर हुनेछ (बास्कोटा, २०६२) ।

मोरङ्ग जिल्ला बेलवारी ४ की धनमाया सयपत्री नामक सहकारी मार्फत आफ्ना सदस्यहरू सहित सामाजिक क्रियाकलापमा सक्रिय भइ लागेकी छन् । संस्थासँग सम्बद्ध सबै सदस्यहरूले आर्थिक कारोबार गर्नुदेखि लिएर बैकिङ्ग प्रकृया समेत जान्ने मौका पाउँदै गए । बैङ्गभित्र छिर्न नसक्ने महिलाहरू आज बैंकका प्रबन्धकसँग छलफल गर्नुका साथै बचत

परिचालन कसरी गर्ने र संकलित रकमलाई कसरी लगानी गर्ने भन्नेबारे छर्लङ्ग भएका छन् यसरी घरभित्र मात्र सीमित भई बसेका महिलाहरू आर्थिक संकलन गर्नेदेखि व्यवसायमा लगानी गर्ने सम्मको काममा व्यस्त हुन थाले । संस्था मार्फत विभिन्न तालिमहरू पाएपछि महिलाहरूमा केही गरौं भन्ने भावना र आत्मविश्वास बढेको र सदस्य धनमाया ओझा सहकारीमा आवद्ध भएपछि राजनीतिमा पनि सक्रिय भइ मोरङ्ग बेलवारी ४ कि निवर्तमान महिला सदस्य भई काम गरिन । (श्रेष्ठ, २०५९)

नेपालमा झण्डै नौ हजारको हाराहारीमा सहकारी संस्थाहरू छन् । बचत तथा ऋण अनि बहुउद्देश्यीय सहकारी संस्था सबैभन्दा बढी छन् । हिमाल पावर लिमिटेडले निर्माण गरेको ६० मेगावाटको खिम्ती जलविद्युत आयोजनाको निर्माणका क्रममा स्थानिय बासिन्दाका लागि खिम्ती जलविद्युत खिम्ती ग्रामीण सहकारी लिमिटेड जो एक मात्र विद्युत सहकारी हो । यस सहकारीसँग आफ्नै पावर प्लान्ट छ जुन झाक्रे लघु जलविद्युत आयोजनाको संचालनका लागि बनाइएको हो । नेपालका अरु विद्युत सहकारीसँग त्यो छैन खिम्ती जलविद्युत आयोजनाका पूर्व प्लानट म्यानेजर खड्का बहादुर विष्टको मेहनेतको परिणाम हो यो सहकारी । ६२० किलो वाट क्षमताको झर्के जलविद्युत आयोजनाको व्यवस्थापन तथा संचालन यसले आफै गर्दछ । २६ जग स्थायी कर्मचारी रहेको यस सहकारीले दोलखा र रामेछापका १० गाउँ विकास समितिका ४५०० घरमा अविछिन्न विद्युत सेवा पुऱ्याइरहेको छ । नतिजा यि गाउँलेहरूले लोडसेडिङ्गको सामना गर्नु परेको छैन । मुलुकका गाउँ गाउँमा यसरी लघु जलविद्युत आयोजना बन्ने छन् भने गाउँलेहरूले बाह्रै महिना बाह्रैकाल उज्यालो देख्न पाउँथे । (हुमागाइ, २०६३)

घरमा खाना पकाउने, सासु ससुराको सेवा गर्ने, धनीमान नभई गाउँमै खोलिएको बचत समुहको काम उनैले भ्याउनुपर्छ । ५२ जना शेयर सदस्य सङ्ख्या रहेको जागरुक महिला बहुउद्देश्यीय बचत समुहको सचिव भएकोले पनि सहकारी संस्थालाई समय दिन पाइयो । सितापुर बाँके की दिलमाया वि.क.लाई यतिबेला भ्याइनभ्याइ भएको छ । यति धेरै काम एकजनाले भ्याउनु चानेचुने कुरा होइन तर सम्भव बनाएका छन् । यहाँका महिलाले सबैभन्दा ठूलो कुरा इच्छा हुनुपर्छ भनि दिलमाया सुनाउँछिन तर परिवारबाट सहयोग पाउन जरुरी हुन्छ । गाउँमै जागरुक महिलाले १४ वटा समुह विस्तार गरेका छन् । समुहका महिलाहरूलाई सिपमुलक तालिम उनीहरू आफै स्वंचालन गर्दै आएका छन् । समुहबाट ऋण लिंदा १०० को २ प्रतिशत लिने व्याजबाट उनीहरूलाई सिपमूलक तालिमको व्यवस्था

गरिएको हो । गाउँमा बाटो निर्माण र सिपमुलक तालिमको व्यवस्था गरिएको हो । गाउँमा बाटो निर्माण र प्रतिक्षालय निर्माणमा पनि उनीहरूको महत्वपूर्ण भूमिका छ । २२ जना महिला एकजुट भइ दुग्ध डेरी चलाएका छन् । एकजना महिलाले रु. ५०५ लगानी गरी चलाएको डेरीले गाउँभरलाई सहयोग पुग्दछ, त्यसबाट आर्जित रकमबाट घरघरमा शौचालय निर्माणका साथै विकासे चुल्हो निर्माण गरिरहेका छन् । शौचालय निर्माण गर्दा चाहिने रिङ्ग उनीहरू आफैले बनाउँदछन् । शौचालय बनाउने घरले १००० को शेयर किने पुग्दछ । समुहकी नुमा महताए भन्छिन् महिलाले केही गर्न सक्दैनन् भन्नेहरूको घरमा पनि शौचालय निर्माण भएका छन् । कुरा गरेर हुँदैन काम गरेर देखाउनुपर्छ भन्ने भावना लिनुपर्छ । यतिमात्र होइन, खाना पकाउँदा निस्कने धुँवाले महिलाको स्वास्थ्यमा पार्ने प्रतिकूल असर कम गर्ने उपाय पनि उनीहरूले निकालेका छन् । माटोको विकासे चुल्हो बनाई उनीहरूले घरघरमा वितरण गर्नुका साथै छिमेकी गाउँले महिलाहरूलाई विकासे चुल्हो बनाउने सिप सिकाई रहेका छन् । यस गाउँमा दिलमाया र नुमा जस्ता धैरै जागरिला महिलाहरू छन् । उनीहरूले गाउँमै निर्धन उत्थान बैंक सञ्चालन गरेका छन् २ दर्जन बचत समुह, कुखुरापालन समुह, दुध डेरी, माछापालन, तरकारी खेती समुह बनाई आर्थिक रूपमा पनि सशक्त बन्दैछन् । महिलाहरूको यस्तो कार्यले गाउँलेहरूलाई धैरै विकृतिबाट जोगाएको छ । आवश्यक परेको बेला घरखर्च टार्न र व्यवसाय गर्न पनि मद्दत पुऱ्याएको छ । त्यही समुहबाट पैसा लिई सावित्री थापाले कुखुरा पालन गरेकी छन् । नन्द पुनले खाजा पसल चलाएकी छन् । धनसरा पुनले बाखा पालन गरेकी छन् । तरकारी खेती गरिएको छ । सबै आयआर्जनको बाटो तर्फ अग्रसर भएका छन् । ३० जना महिलाहरू प्रत्येक महिना रु. ५० का दरले उठाएर २ लाख ५० हजार जम्मा गरेपछि जनजागृति महिलाको नामबाट समुह गठन गरिएको हो । समुहबाट २५,००० सम्म ऋण लिँदा कुनै धितोको आवश्यकता पर्दैन । घरको कामबाट बचेको समयलाई सदुपयोग गरेको कारण यहाँका महिलाहरू यस्ता सिर्जनशील कामलाई निरन्तरता दिन सकेका हुन् । त्यसै बसेर समय खेर फाल्नुभन्दा संस्था वा समुहमा बसेर काम गरे आफ्नो मात्र होइन, गाउँलाई समेत फाइदा पुग्ने विश्वास उनीहरूमा छ । यहाँका जागरिला महिलाहरूको संकलताको सिको गर्दै गाउँका पुरुषहरू पनि लक्ष्मी कल्याण्कारी बचत समुह गठन गरी खडा भएका छन् । संस्थाका अध्यक्ष टिकानाथ योगी भन्छन्- “वास्तवमा पुरुषहरूभन्दा महिलाहरू बचत तर्फ बढी संवेदनशील हुन्छन् । हामीले पनि उनीहरूको सिको गर्दै बचत खडा गरेका हौं” (थारु २०६३) ।

डडेल्धुरा र डोटी जिल्लाका महिलाहरूले आय आर्जनका लागि तरकारी खेती गरेका छन् । उनीहरू १० वर्षका ग्रामीण महिलाहरूभन्दा केही फरक देखिन्छन् । अधिकांशका सफा लुगा, गोडामा चप्पल, गलामा नौगेडी, हासिल अनुसार एवं प्रफुल्ल थिए । उनीहरूले समुहमा आवद्ध भई तरकारी खेतीबाट वार्षिक ५५००० रूपैया सम्म आम्दानी गरेका छन् । आम्दानीलाई पुरुषहरूले मनोमानी रूपमा खर्च गरेपनि समाजमा रहेको पितृसत्तात्मक सोच पिपलको जरा झै गाडिए पनि हामीले हरेश खानु हुँदैन । निराश भएर पाइला रोक्नु भनेको त अपाङ्ग भएर बाँच्नु जस्तै हो भन्दै उनीहरूले आफ्नो स्थितिमा आफैले सुधार ल्याउने हिम्मत सुनाए । सिचाइंको मात्रा व्यवस्था भए पनि उधुम गरेर देखाइदिन्थ्यौं । उनहिरूका अनुसार तरकारी खेतीबाट हामीलाई धेरै राम्रो भएको छ । परिवारले सागसब्जी खान पाएका छन्, बेचेर पैसा आएको छ । उनीहरूको आफ्नो सहकारी छ । प्रत्येक सदस्यले सहकारीमा मासिक १५ रु. बचत गरेका छौं समुहका सदस्यलाई ठूलो काम गर्न पैसाको खाँचो परेमा कम व्याज दरमै ऋण झिक्न पाइन्छ, समुहमा बसेका ज्ञानगुनका कुरा सिक्न पाइन्छ । भागेश्वरी समुहकी अध्यक्ष मनु सार्किले तरकारी खेतीबाट वार्षिक ५५,००० रूपैया आम्दानी गर्ने गरेको बताइन । यहि आम्दानीबाट उनले डंडेलधुरामा पक्की घर बनाएकी छन् र छोरा छोरीलाई स्कुल पढाउन सक्षम भएकी छन् । यिनको जस्तो स्थिति आफ्नो बनाउन महिलाहरू उत्साहित छन् । यिनको समुहका महिलाहरूले आफ्नो सहकारीमा ६५,००० रूपैयाँ बचत गरिसकेका छन् । समुहले आफ्नै श्रम र आम्दानीबाट टोलमा खानेपानीको धारा बनाएका छन् । मनुको अनुभवमा नारीलाई आर्थिक रूपले सक्षम बनाउन सके आधारभूत आवश्यकताको परिपूर्तिमा उनीहरू अग्रसर हुन्छन् यसले महिलाहरूमा स्वत अगाडी बढ्ने हिम्मत पनि बढाउँदछ । यसरी सामान्य व्यवसायिक सिप र मौका उपलब्ध गराइएमा पनि महिलाको स्थितिमा सुधार आउन सक्दोरहेछन् (शर्मा, २०६४) ।

डेढ दशकदेखि खुलेको सहकारी संस्थाले गर्दा कास्कीको पुरन्चौरका गाउँलेको जिवनस्तर नै परिवर्तन भएको छ । महिना भरी मेलापात र खेतालाको काम गर्ने र एक दिनको ज्याला रु. २५ बचत जम्मा गर्ने गरी शुरु गरिएको यो सहकारी अहिले गाउँमै २ करोडभन्दा बढीको कारोबार गर्न सफल भएको छ । किसानका यत्रतत्र छरिएर रहेको नगन्य रूपैयाँलाई एकिकृत गरी घर खर्च टार्ने उद्देश्यले ६८ जना शेयर सदस्यले एक-एक सय रूपैया उठाएर २०५० सालमा शुरु गरेको यो सहकारीका हाल एक हजार शेयर सदस्य छन् । सहकारीको शेयर लिने महिला र पुरुष बराबरी छन्, ऋण दिएर साहु बन्ने मुखिया र

सामन्तीको अन्त्य भएको छ । सहकारीका संस्थापक सदस्य भानुभक्त पौडेलले भन्नुभयो, २, ४ पैसा बचत गर्ने, व्यवसायिक काम गर्न ऋण लिने गाउँलेलाई भरपर्दो बैंक बनेको छ, जनसेवा सहकारी । गाउँकै भारती भवन मा.वि. को कक्षा कोठाबाट कारोबार सुरु गरेर हुर्किएको सहकारीले उत्कृष्ट र अनुकरणीय कार्य गरी सहकारी विकासमा सहयोग गरे वापत राष्ट्रिय पुरस्कार समेत हात पारिसकेको छ । कास्की जिल्लामा नै स्थापना भएको जिल्ला सहकारी पछिको पहिलो बचत तथा ऋण सहकारीले खेती किसान र सामान्य व्यवसाय संचालन गर्ने मत्र नभएर डाक्टर, इन्जिनियर पढ्न चाहने, रोजगारीका लागि विदेश जान चाहने गाउँले युवादेखि ठूला ठूला उद्योगधन्दा संचालनका लागि समेत ऋण दिने गरेको छ । भिसा हेरेर वार्षिक १० जनालाई वैदेशिक रोजगारीका लागि इन्जिनीयर, डाक्टर पढ्नेलाई समेत ऋण दिन्छौ भनि सहकारीका सञ्चालक नारायण रेग्मीले भन्नुभयो । सानातिना घरायसी खर्च देखि चाडपर्व, विहेवारी र व्यवसाय गर्न सदस्यहरू ऋण लिनको लागि सहकारीमा आउने गरेको उहाँले जानकारी दिनुभयो । ऋण लिएर धेरैले कृषि पेशा नै गर्दै आएको, तरकारीबाट मनग्ये आम्दानी गर्ने धेरै भएको तथा वार्षिक २०/२५ हजारदेखि डेढ दुई लाखको आम्दानी गरेको पाइयो । सहकारीबाट ऋण लिएर विगत तिन वर्षदेखि स्थानिय तेजबहादुर अधिकारीले कुखुरा व्यवसाय गर्दै आएका छन् । गाउँमा व्यवसायिकताको वृद्धि भएको छ । किराना पसल खोल्नेदेखि मिल चलाउने, छोराछोरी बोर्डिङ्ग पढाउने सबैले सहकारीको ढोका ढकढकाउँछन् सहकारीले सांच्चिकै गाउँलेको जिवनस्तर परिवर्तन भएको छ (पोखेल, २०६४) ।

महिला पितृसत्ताका कारण हरेक क्षेत्रमा शक्तिविहिन हुन्छन् (भासिन, १९९३) । महिलाहरूमा आधुनिक प्रविधि व्यवस्थापनको ज्ञानको कमी भएको कारण एवं सम्पत्तिमा पहुँच, आत्मनिर्भरता नहुनु, घरायसी झमेलाका कारण संस्था र व्यवसायहरूमा प्रतिस्पर्धामा अगाडी बढ्न बाधा भएको छ (शर्मा, २००३) ।

सहकारी संस्था मार्फत जनसमुदायमा विभिन्न सेवा पुऱ्याउने, राष्ट्रको सामाजिक तथा आर्थिक उत्थानमा जनसहभागीता मुलक काम गर्न नेपाल सरकारले सहकारी क्षेत्रको उपयोग गर्न सक्छ । अन्तराष्ट्रिय सहकारी महासंघले सन् २००५ को नारामा “लघुवित्त हाम्रो व्यवसाय गरिबी निवारणमा सहकार्य” भनेको छ र श्री ५ को सरकारले दशौं योजनामा गरिबी निवारणका लागि सहकारी एवं उपयुक्त माध्यम हुने स्वीकारेको र कृषि नीति २०६१ मा पनि सहकारीलाई उल्लेख्य भूमिका प्रदान गरेको छ । सहकारी संस्थाको

मुख्य उद्देश्य सदस्य र समुदायको आवश्यकता पूरा शान्तिपूर्ण सहभागिता मूलक र दिगो विकासका लागि सहकारी प्रकृया सबैभन्दा उपयुक्त भएकोले यि सबै पक्षको लागि उपयोगी हुन्छ । त्यसैले राष्ट्रको आधाभन्दा बढी जनसङ्ख्या ओगटेका महिलाहरूको विकासमा सहकारीले पुऱ्याउन सक्ने योगदानलाई दृष्टिगत गर्दै महिला सशक्तिकरणको लागि महिलाहरूमा सकारी सम्बन्धी ज्ञान, चेतना अभिवृद्धि गर्न, महिलाहरूका निम्ति छुट्टै सहकारी शिक्षा तालिमको कार्यक्रम राखिएको, सहकारी मार्फत महिला सशक्तिकरण लगायत सम्पूर्ण कार्यहरू प्रभावकारी रूपमा गराउन राष्ट्रिय सहकारी संघमा महिला समिति गठन गरिएको छ । (सहकारी प्रतिवेदन २०६२)

जमिनको राम्रो सीमितता भएको हाम्रो जस्तो देशमा सहकारी संरचनाको माध्यमबाट ठूलो पूँजी संकलन गर्न सकिन्छ । गरिबीको दुश्चक्रमा फँसेको हाम्रो देशलाई उठाउन सहकारी माध्यम अति महत्वपूर्ण हुनेछ । हालैका वर्षहरूमा तनहुँ, चितवन, काभ्रे, सिन्धुपाल्चोक लगायतका जिल्लाका अनेक गा.वि.स. हरूमा पशु विमा सहकारी संस्थाहरू खुलेका छन् । किसानले थालेका यस्ता पशु विमा सहकारीले एउटा भैसी भर्दा घरबारी नै समाप्त हुने खतरा सामना गर्न नसकिं भैसी पाल्न आटँ गर्न नसक्ने किसानलाई भरथेग गरेको छ । पशुपालन व्यवसायीहरूले फलफुल, तरकारी उत्पादन र मौरीपालन समेत कार्य सँगसँगै गर्न सक्ने र क्रमश अन्य कुटिर उद्योग, साना उद्योग र पशुपालन तथा कृषि क्षेत्रका उत्पादन सहायक उत्पादनमा प्रवेश गर्न सक्ने आधार बन्दै जान्छ । यसले सिंगो देशको औद्योगिक तथा व्यापारिक क्षेत्रको लागि कच्चा पदार्थ उत्पादन तथा उपभोग क्षमता भएका जनसमुदायको सिर्जना गर्न सक्दछ । हाम्रो जस्तो देशमा सबैखाले सहकारीको आवश्यकता र सम्भावना छ । सहकारीले जति व्यापकता लिदै जान्छ त्यही मात्रामा गरिबी निवारण र रोजगार सिर्जना गर्न सक्छ । यसले आर्थिक आधारमा नै प्रजातान्त्रिक संस्कार, संस्कृति र व्यवहारलाई बलियो बनाउँदछ । अप्रजातान्त्रिक, अपारदर्शी र शोषण मनोवृत्तिलाई विस्थापित गर्न सहयोग गर्दछ । (वडाल, २०६२)

सहकारीबाट महिलाहरू अप्रत्यक्ष रूपमा लाभान्वित हुँदै गइ राखेका छन् ।

) सहकारिताको माध्यमबाट महिलाहरू घरबाहिर निस्कन सफल भएका छन् ।

) सहकारीबाट महिलाहरूले उद्यमशीलताको विकास गर्न सफल भएका छन् ।

- महिलाहरू प्रत्यक्ष रूपमा स्थानिय सिप र स्रोतका आधारमा आयआर्जन गर्न सफल भएका छन् जसले गर्दा भावि सन्तती र छोराछोरी वीचको विभेद कम हुँदै गएको छ ।
- महिलाहरूमा सहकारीको अभ्यासबाट आत्मबल वृद्धि हुनुका साथै क्षमता अभिवृद्धिका कारण समाजका हर अवसरका लागि प्रतिस्पर्धा गर्न सक्ने भएका छन् ।
- महिलाहरूले प्राप्त गरेको आयलाई वास्तविक खर्चमा मात्र मितव्ययीता अपनाउन बचतको क्षमतामा वृद्धि हुन गई राष्ट्रिय आयमा समेत टेवा पुऱ्याएको छ ।
- कृषि क्षेत्रमा रोजगारी वृद्धि हुने हुँदा गाउँ गाउँमा गरिबी निवारणको मुख्य उपाय सहकारिता बन्नेछ ।
- सहकारिताको माध्यमबाट महिलाहरू घर परिवार र समाजको विश्वास आर्जन गर्न सफल भएका छन् ।
- महिलाहरूमा सहकारिताको आधारले निर्णय क्षमतामा विकास भएको छ । ( कोइराला, २०६३)

सहकारीको जन्म समस्या र संकटको बेला संकटमोचन लागि हुने गरेको पाइन्छ । प्रोफेसर अमर्त्य सेनले भनेका छन्- “अकाल, वस्तु उत्पादनको न्यूनताका कारण मात्र हुँदैन, उत्पादित वस्तु माथि उत्पादपनमा भाग लिने संकटग्रस्ट समुदायको अधिकार रहेन भने विकराल अकाल हुन सक्छ । हजारौं टन अन्न भण्डारकै छेउछाउमा अन्नको दाना नपाएर भोकभोकै मरेका लासहरूको लस्कर बंगालमा मैले देखेको छु । सामाजिक न्यायका लागि, उत्पादकत्व वृद्धिका लागि दिगो विकासका लागि, आधारभूत तहका जनतामा आर्थिक क्षेत्रमा लोकतन्त्र स्थापित गर्नका लागि सहकारी महत्वपूर्ण आर्थिक आधार हुने गर्दछ । (बडला, केशव)

गाउँका महिलाको सामूहिक प्रयासबाट पायक पर्ने स्थान छनौट गरेर बोर्डिङ्ग स्कुल संचालन गरेका छन् । हेटौडा पदम पोखरी गा.वि.स. का महिलाहरूद्धारा संचालित र सहकारी संस्थाले संयुक्त लगानी गरेर यसै शैक्षिक सत्र २०६५ देखि गाउँमै स्कुल संचालन गरेका छन् । गा.वि.स. मा प्राथमिक तहदेखि उच्च मा.वि. सम्म छन् । यिनीहरूले स्तरीय शिक्षा दिन नसकेकाले सबै सहकारी संस्था संलग्न समिति गठन गरी बोर्डिङ्ग शुरु गरेको संचालिका कान्छिमाया थिङ्ले बताइन । ती सहकारीले १० लाख रूपैयाँको लगानीमा फ्यामकोल एकेडेमी स्कुल संचालन गरेका छन् । १ कक्षा देखि ४ कक्षासम्म पढाइ हुने

विद्यालयमा २६५ विद्यार्थी अध्ययनरत छन् । सहकारी संस्थाले संचालन गरेको उक्त विद्यालयमा मासिक शुल्क अत्यन्त न्यून छ । गरिबलाई निशुल्क पढाउने गरिएको छ । कमाउने उद्देश्यले भन्दा पनि गाउँका बालबालिकालाई गुणस्तरयुक्त शिक्षा दिने उद्देश्यले स्थापना गरेकोले भर्ना शुल्क कम छ । स्कुलको पठनपाठन राम्रो र मासिक शुल्क पनि सस्तो भएकोले पहिलो वर्षमै विद्यार्थीको चाप अटाइनटाई भएको छ । महिलाद्धार संचालित सहकारीले जिल्लामा स्कुल संचालन गरेको यो पहिलो हो । (कान्तिपुर २०६५)

## पूर्व साहित्य समिक्षाको निचोड

विभिन्न सन्दर्भ साहित्यको पुनरावलोकन गर्दा हाम्रो समाजमा रहेको महिला र पुरुषबीचको भेदभावलाई समाजले कसरी हेरेको छ भन्ने सामाजिक दृष्टिकोणको विश्लेषण गरिएको पाइएको छ । महिलाहरूको शैक्षिक स्तर अझै पनि सोचेजति उकास्न सकिएको छैन । त्यसैले प्रस्तुत गरिएका साहित्यहरूमा महिलाले गरेका कार्यहरूको बारेमा केही प्रष्ट्याउन खोजिको पाइन्छ । विशेष गरी महिलाको आर्थिक स्तर वृद्धि गर्न सहकारीको माध्यमबाट विभिन्न पेशा व्यवसाय संचालन गरी तिनीहरूको आर्थिक स्तर उकास्न खोजिएको भन्ने भनाइहरू पाउन सकिन्छ । महिलाहरूले बचत तथा ऋण सहकारी संस्था खोल्ने, बचत संकलन गर्ने, ऋण प्रदान गर्ने । ऋण लिएर विभिन्न पेशाहरू संचालन गरी त्यसबाट मनग्य फाइदा कमाएको पाइएको छ । सहकारीको माध्यमबाट साना-जलविद्युत आयोजनाको निर्माण गरी विजुलीको सुविधा लिएको पाइएको छ । सामूहिक खेतीपातीको व्यवस्था गर्ने देखि लिएर महिला हितका लागि विभिन्न कार्यक्रम गर्ने गरेको पाइएको छ । यस्ता क्रियाकलाप गरी महिलाहरूको आवश्यक फाइदाहरू लिएको भए तापनि समग्रमा त्यसबाट महिला मात्र लाभान्वित नभइ अप्रत्यक्ष रूपमा पुरुषहरू पनि लाभान्वित पाइएको छ ।

सहकारीको माध्यमबाट महिलाहरूलाई सक्षम बनाउन खोजे पनि पुरुषहरूको तुलनामा अझै पनि महिलाहरू कमजोर भएको र त्यसको लागि पुरुष सरह महिलालाई पनि सक्षम बनाउन उपयुक्त शिक्षाको व्यवस्था गर्न, चेतनामूलक तालिमको व्यवस्था गर्न, व्यवहारिक शिक्षा प्रदान गर्ने, कृषि सम्बन्धी तालिमको व्यवस्था गर्ने, व्यवसाय सम्बन्धी तालिम दिई उनीहरूको आर्थिक, सामाजिक, सांस्कृतिक स्थितिमा परिवर्तन ल्याउन सकियो भने मात्र समाजको विकास हुन्छ । तब मात्र राष्ट्र निर्माणमा सहयोग पुग्न सक्छ भन्न

सकिन्छ । कुनै पनि तहको जागिर तथा पेशा व्यवसायमा महिलाहरूको पहुँच पुग्न सकेको छैन । जब शिक्षाको दर पुरुषको हाराहारीमा आउँछ तबमात्र महिलाहरू पनि पुरुषसरह जुनसुकै काममा पनि अगाडी बढ्न सक्छन्, आर्थिक रूपमा सवल भएर मात्र महिलाहरूको स्तर वृद्धि हुन सक्छ । त्यसैले आजको परिवेशमा सहकारी एकमात्र संयन्त्र हो, जसबाट महिलाहरूले सहकारीताको माध्यमबाट आर्थिक तथा सामाजिक क्षेत्र विकास गर्न सक्छन् ।

यस शोधपत्रमा महिलाहरूद्धारा महिलाको लागि गरिएका प्रयत्नहरूले पुरुष मात्र होइन महिलाहरू पनि सक्षम छन् भन्ने भनाइबाट जेन्डर दृष्टिकोण आकर्षित भएको छ । साथासथै महिलाहरूको सामाजिक, आर्थिक पक्षको दृष्टिकोण प्रष्ट पार्न खोजिएको छ र यसै सिद्धान्तलाई अवलम्बन गरी शोधपत्र तयार गरिएको छ । यो अध्ययनमा महिलाहरूले कसरी आर्थिक तथा सामाजिक पक्षमा जोड दिए र महिलाहरूको आर्थिक तथा सामाजिक अवस्थामा परिवर्तन ल्याउन सकेका छन् भन्ने विषयका साथै सांस्कृतिक रूपमा आफूलाई कसरी व्यवस्थापन गर्न सके भनेर विश्लेषणात्मक रूपमा विश्लेषण गरिएको छ । उनीहरूमा सहकारीमा लागेपछि के कस्ता परिवर्तनहरू आए भनेर तिनीहरूको विश्लेषण गरी यथार्थ थाहा पाउनु नै मेरो अध्ययनको फरक पक्ष हो ।

## खण्ड ३

# अनुसन्धान विधि

### ३.१ अध्ययन क्षेत्र र छनोटको औचित्यता

यस अध्ययनको लागि गण्डकी अञ्चल तनहुँ जिल्लाको खैरेनीटार गा.वि.स. का वडा नं. (१-९) पूरै वडाका विवाहित तथा अविवाहित महिलाहरू आबद्ध भएर संचालन गरेको खैरेनिटार महिला विकास बहुउद्देश्य सहकारी संस्थालाई छनोटको रूपमा छानिएको छ । उक्त क्षेत्रलाई नै अध्ययनको रूपमा छनौट गर्नका कारणहरू निम्नानुसार छन् ।

१) समय, स्रोत र साधनको दृष्टिले सहज हुने भएकोले ।

२) सहकारी संस्थाको सङ्ख्या उक्त गा.वि.स. मा थुप्रै भएपनि महिला सदस्यता मात्र भएको सहकारीमा एक भएकोले ।

३) हालसम्म कुनै पनि अनुसन्धानकर्ताले उक्त स्थानमा अध्ययन अनुसन्धान नगरेको हुनाले ।

### ३.२ अनुसन्धानको ढाँचा

यो अध्ययन खोजपूर्ण तथा वर्णनात्मक ढाँचामा आधारित छ । यस अध्ययनका क्रममा संकलित सूचना तथा तथ्यांकलाई विश्लेषण गर्दा उक्त कार्यक्रमले संलग्न महिला सदस्यहरूमा पारेको प्रभावको उजागर गर्ने प्रयास गरेको छ ।

### ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनमा प्राथमिक र द्धितीय स्रोत दुवैबाट आएका तथ्याङ्कहरूको प्रयोग गरिएको छ । सहकारीमा महिला सहभागीता र खैरेनीटार महिला विकास बहुउद्देश्य सहकारीले संलग्न नयाँ शीर्षक भएकोले र सहकारी सम्बन्धी पूर्व अध्ययनको अभावमा द्धितीय तथ्याङ्कको पनि कमी भएकोले यहाँ प्रशस्त रेकर्ड भएका तथ्याङ्कहरूभन्दा मुख्य गरी प्राथमिक तथ्याङ्क र सुचनाहरूको प्रयोग गरिएको छ । संकलनका लागि सहकारी मासिक प्रतिवेदनहरू, सहकारी सन्देश, सहकारी संवाद, सहकारी सम्बन्धी विभिन्न प्रतिवेदनहरू, सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयबाट प्रकाशित विभिन्न पुस्तकहरू

लगायतका प्रतिवेदन तथा स्मारिका एवं सहकारी सम्बन्धी विभिन्न पत्रपत्रिकामा लेखिएका लेखहरूबाट समेत तथ्याङ्क संकलन गरिएको छ ।

## ३.४ अनुसन्धानको समग्रता

"खैरेनीटार महिला विकास बहुउद्देश्य सहकारी संस्था लिमिटेडको कुल १३७५ जना सदस्यहरूमा दैविक नमुना छनोट प्रणालीबाट उत्तरदाताहरूको छनौट गरिएको छ । यस खैरेनीटार महिला विकास बहुउद्देश्य सहकारी संस्थाको कार्यक्षेत्र खैरेनीटार गा.वि.स. वडा नं. १, २, ३, ४, ५, ६, ७, ८, ९ नं. वडा र दुलेगौडा गा.वि.स. को ७, ८, ९ वडामा छरिएर रहेका कुल महिला सदस्यहरू मध्यमा सहकारीबाट ऋण लिएर व्यापार व्यवसाय संचालन गरेका महिलाहरू जुन समग्रको २५ प्रतिशत बाट ३४३ जना हुन आउँछ यसको पनि ५५ प्रतिशतबाट १८८ जना जसलाई उद्देश्यमूलक नमूना छनोट पद्धति अवलम्बन गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलनमा प्रयोग भएका विधि

यस अध्ययनमा तोकिएका उद्देश्यहरू प्राप्त गर्नका लागि प्रश्नावली प्रत्यक्ष व्यक्तिगत अन्तरवार्ता, अवलोकन जस्ता उचित विधिहरू अपनाई आवश्यक तथ्याङ्क र सूचनाहरू जम्मा पारियो । कार्य समितिसँग र नजिककारसँग लिइएका मुख्य सूचनाहरू महत्वपूर्ण सूचनाहरू हुन् । सहकारीमा संलग्न सदस्यहरूसँग लिइएका सूचनाहरू प्राथमिक हुन भने विभिन्न समयमा प्रकाशित लेखहरू द्धितीय सूचनाहरू हुन् । खैरेनीटार महिला विकास बहुउद्देश्य सहकारी संस्थाको नियमित बैठकमा सहभागी भएर, कार्य समीतिसँग भेटघाट भएर आवश्यक तथ्यांकहरू संकलन गर्ने कार्य गरिएको छ । तथ्याङ्क संकलन गर्ने देहाय बमोजिमको विधिहरू अवलम्बन गरिएको छ ।

१. **प्रश्नावली अनसुची** : नमुनाका रूपमा छनोट भएका सदस्यहरूलाई अनुसूची १ मा उल्लेखित प्रश्नावली उपलब्ध गराई तिनीहरूको आर्थिक, सामाजिक स्थिति के कस्तो छ ? त्यस सम्बन्धी जानकारी लिइएको छ ।

२. **अवलोकन** : उत्तरदाताहरूको बाह्य अवलोकनबाट पनि उनीहरूको अवस्था परिवर्तन र विभिन्न कार्यक्रममा देखिएको सक्रियताबाट पनि उनीहरूको अवस्था बुझिएको छ ।

३.     **समुहगत छलफलः** खैरेनीटार महिला विकास बहुउद्देश्य सहकारी संस्थाको नियमित बैठकमा सहभागी भएर, कार्यसमितिसँग समुहगत छलफलगरी आवश्यक तथ्यांक लिइएको छ ।

### ३.६ तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण

सहकारीमा संलग्न महिलाहरूको विचारलाई आधार मानेर यो अध्ययन गरिएको छ । सबै संकलित सूचनाहरू तथ्याङ्क जम्मा गरी प्रमुख तालिकामा मिसावट गरिएको छ र सबै तथ्याङ्कहरूलाई सामान्य गणितीय र तथ्याङ्कीयजस्तै औसत प्रतिशतमा (अङ्कगणितीय) विश्लेषण गरिएको छ । जम्मा गरिएका सूचनाहरू अध्ययनको उद्देश्यअनुसार सम्पादन, कोडिङ्ग, तालिकीकरण र वर्गीकरण गरी तथ्याङ्कहरूलाई तथ्याङ्कीय रूपमा विश्लेषण गरिएको छ ।

## खण्ड ४

# अध्ययन क्षेत्र र उत्तरदाताहरूको पृष्ठभूमि

### ४.१ अध्ययनको क्षेत्र

नेपाल अधिराज्यको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत गण्डकी अञ्चलमा अवस्थित तनहुँ जिल्ला विविध भौगोलिक स्वरूप र मनोरम प्राकृतिक बातावरणले भरिपूर्ण रहेको छ। यस जिल्लाको भौगोलिक स्थिति २७°४४' देखि २८°८' उत्तरी अंक्षाश र ८३°५०' देखि ८३°३४' पूर्वी देशान्तरसम्म फैलिएको छ । यसमा पूर्वमा गोरखा र चितवन जिल्ला, पश्चिममा स्याङ्जा र कास्की जिल्ला, उत्तरमा कास्की र लमजुङ्ग जिल्ला तथा दक्षिणमा पाल्पा, नवलपरासी र चितवन जिल्ला पर्दछन् । यो जिल्ला काठमाडौंदेखि ११० कि.मी. पश्चिममा रहेको छ। १५४६ वर्ग कि.मि. मा फैलिएको यो जिल्लाको सबैभन्दा अग्लो भाग छिम्काको लेक ७००० फिटको उचाइमा र होचो भाग देवघाट ७३५ फिटको उचाईमा अवस्थित छ । धरातलिय स्वरूपका आधारमा यस जिल्लालाई पहाडी भु-भाग तथा वेशी फाँट गरी दुई भागमा विभाजन गर्न सकिन्छ। हावापानीको हिसाबले यस जिल्ला अर्धउष्ण, समशीतोष्ण र ठण्डा समशितोष्ण मण्डलको मौसमी हावापानीको प्रदेशमा पर्दछ। हालसम्म यस जिल्लामा अधिकतम तापक्रम ३७.४ डिग्री सेल्सियस र न्यूनतम तापक्रम १.८ डिग्री सेल्सियसमा रहेको साथै सरदर वार्षिक वर्ष २०५७ मि. ली. सम्म रहन्छ। यहाँको भुभाग मध्य ४२% खेति योग्य भूमि रहेकोमा २५.७% भुभाग वन जंगलले ढाकेको छ । यस जिल्लाबाट प्रवाहित हुने नदिहरूमा मर्स्याङ्दी, सेती, मादी, कालिगण्डकी प्रमुख हुन भने नाउदी, पाउदी, चुँदी, रिस्ति, कलेस्टी, साँगे, वुल्ली र कुम्ले प्रमुख खोलाहरू हुन्।

नेपाल अधिराज्यको संविधान २०४७ अनुसार प्रतिनिधिसभा निर्वाचन प्रयोजनका लागि नेपाल अधिराज्यलाई २०५ निर्वाचन क्षेत्र कायम गरिएकोमा तनहुँ जिल्लालाई ३ वटा निवार्चन क्षेत्रमा कायम गरिएको थियो । गाउँ विकास समिति ऐन २०४८ अनुसार यस जिल्लालाई ४६ वटा गा.वि.स. र नगरपालिका ऐन २०४८ अनुसार १ वटा नगरपालिकाको व्यवस्था गरिएको छ। त्यस्तै तनहुँ जि.वि.स. लाई १३ इलाकामा विभाजन गरिएको छ।

यस तनहुँ जिल्ला अन्तर्गतको एउटा गा.वि.स. खैरेनीटार गा.वि.स. हो । यो गा.वि.स. २७.५०'.००'' उत्तरी अक्षांश देखि २७.५५'४८'' उत्तरी अक्षांश सम्म र

८३.५८'.००'' पूर्वी देशान्तर देखि ८४.०४'४८'' पूर्वी देशान्तर सम्म फैलिएको छ भने समुन्द्री सतहदेखि ४४० मिटरदेखि १२८१ मिटर सम्म उचाईमा अवस्थित रहेको छ । यो गा.वि.स. को कुल क्षेत्रफल ३२.१६ वर्ग कि.मी. रहेको छ ।

पूर्व पश्चिम फैलिएको र उत्तर दक्षिण साघुरिँदै पूर्वबाट ओरालो लाग्दै पश्चिम तर्फ पसारिएको यो गा.वि.स पश्चिममा सेती नदी फैलिएको समथरिलो भु-भाग विच केही अग्ला डाँडा खोल्सा, खोला जंगल हुँदै पूर्वमा अग्ला चुचुराहरू रहेको र केही भाग पूर्व उत्तर फर्केको छ भने अग्ला डाँडा वडा नं. १ र २ बाट रमणिय फेवाताल, वेगनासताल सहित पोखरा र लेखनाथ नगरपालिकाको दृष्यहरू र हिम ऋङ्खलाहरू देखिन्छन् । यहाँ २ प्रकारको हावापानी पाइन्छ । अग्ला पहाडी गाउँ, दगाम, स्थानथोक, राङ्दिमा शितोष्ण र खैरेनीटार बजारमा गर्मिमा उष्ण र जाडोमा कुहिरोले ढकमक्क ढाकेको अवस्था रहन्छ सो कारणले त्यति बेला अति जाडो हुने गर्दछ ।

यस गा.वि.स. को ३२.१६ वर्ग कि.मि. मा फैलिएको कुल क्षेत्रफल मध्ये ४७.८१% खेतीयोग्य भूमि, ४९% जङ्गल, २.३८% खोलानाला, आवास र ०.८१% झाडी चरन रहेको छ । यस गा.वि.स. मा जम्मा जनसङ्ख्या १०६३० मध्ये पुरुष ५४०४ (५०.८४%) र महिला ५२२९ (४९.९६%) रहेको छ ।

नोट : खैरेनीटार गा.वि.स. तनहुँ जिल्लाको दक्षिण पश्चिम तर्फ जाने पृथ्वीराजमार्ग नाकाको रूपमा रहेको गा.वि.स हो जहाँ स्याङ्जा, नवलपरासी र पाल्पाको केही गा.वि.स. हरूको साथै यस जिल्लाको २० वटा गा.वि.स.हरू गरी झण्डै ३ दर्जन भन्दा बढी गा.वि.स. हरू सिधै यस गा.वि.स. हुँदै आवतजावत गर्ने र पर्यटकीय नगरी पोखरा र लेखनाथ नगरपालिकाको निकट रहेको हुँदा यहाँको स्थान दगाम पर्यटनका लागि सुयोग्य स्थानहरू अन्तर्गत पर्दछ । जहाँबाट माछापुच्छ्रे, धौलागिरी, अन्नपूर्ण, गणेश जस्ता हिमालहरू र सात तालको सिधै दृश्य देखिने भएको व्यापारी पर्यटकीय केन्द्रको रूपमा विकास गर्ने सम्भावना देखिन्छ भने सो कार्यको विकासको लागि खानेपानी यातायातको सुविधा सहज पहुँच पुराउन कठिन भैइरहेको छ (खैरेनीटार गा.वि.स. को पारश्र्व चित्र २०६८ बाट उतार) ।

### ४.१.१ खैरेनीटार महिला विकास बहुउद्देश्यीय सहकारी संस्थाको ऐतिहासिक पृष्ठभूमि

यस खैरेनीटार गा.वि.स. मा २०५२ सालमा महिला विकास कार्यक्रम लागु भएको हो । यस गा.वि.स. मा महिला विकास कार्यक्रम लागु भएपश्चात महिला दिदिबहिनीहरूलाई

केही राहत मिलेको जस्तो अनुभूति भएको थियो । यस कार्यक्रमले गाउँ र वस्तीहरूमा छरिएर रहेका अल्प विकसित न्यून आयआर्जन भएका एवं गरिब, दलित तथा जनजातिहरूको जीवनस्तरलाई अभिवृद्धि गर्ने उद्देश्यले तत्कालिन सरकारले महिला विकास कार्यालय दमौली तनहुँको सक्रियतामा यस गा.वि.स. का महिलाहरूमा राष्ट्रिय स्तरबाटै सरकारी निर्णय गरी नीजि क्षेत्रलाई पनि देश विकासको मुल प्रवाहमा समाहित गर्ने उद्देश्य राखी जनतामा सहकारी मूलक धारणाको विकास गर्ने सोचका साथ महिलाहरूमा जनचेतना जगाई उनीहरूको आय आर्जनलाई वृद्धि गर्ने, आत्म विश्वास बढाउने, आर्थिक बचत, बाखापालन, भैसीपालन, किराना पसल, कुखुरा पालन, तरकारी खेतीका लागि जमानिमा ( तमसुक विधि) ऋण दिन थालेपछि विपन्न वर्गका महिलाहरूले साहुको चर्को व्याज र ऋण लिँदा साहुलाई घर जग्गा नै पास गरिदिने झन्झटबाट मुक्ती पाए । महिला विकास कार्यालय दमौलीले विउ पुँजीको रूपमा रु. एक लाख पचास हजार दिएपछि महिलाहरूमा बचत र ऋणको अवधारणाको विकास हुँदै गयो । महिला विकासको यस कार्यले गर्दा सधैँ चुलो चौको, डोको र नाम्लो मै सिमित महिला दिदीबहिनीहरूले बिस्तारै बाहिर निस्केर सामाजिक काममा चासो देखाउन थाले । यस संस्थाबाट भनेको बेलामा पैसा लिन सकिने, बचत गरेको पैसाको व्याजपनि आउने र शेयर वापत बोनस पनि पाइने चर्को साहुको ऋणबाट पनि जोगिने हुनाले दिनानुदिन यस बचत तथा ऋण परिचालन कार्यक्रममा सदस्यहरू वृद्धि हुने क्रम बढ्दै गयो वि.सं. २०५९ साल जेष्ठ महिनाको ७ गते यस सहकारी संस्थाको दर्ता भएको हो । शुरुमा जम्मा २५ जना सदस्यहरूबाट दर्ता शुरु भएको यस सहकारी संस्थाको स्थापना अध्यक्ष मायादेवी ढकालको अध्यक्षतामा भएको थियो भने यस सहकारी संस्थामा सदस्य सङ्ख्या दिनानुदिन बढ्दै जादा हाल २०६९ साल सम्ममा आइपुग्दा १३७५ जना सदस्य सङ्ख्या पुगेको छ ।

देशको समग्र विकास प्रक्रियामा जन्म, मृत्यु र बसाइसराइ जस्ता जनसांख्यिक तत्वहरूको प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । विकास योजना सम्बन्धी नीति, योजना र कार्यक्रमहरू तर्जुमा गर्दा जनसङ्ख्याको आकार, बनावट, वितरण र वृद्धिदरमा विशेष ध्यान पुऱ्याउन पर्ने भएकाले विद्यमान जनसांख्यिक स्थिति तथा सो को प्रवृत्ति सम्बन्धमा जानकारी हुन आवश्यक छ ।

यस अध्ययनको मुख्य उद्देश्य सहकारीले पारेको सामाजिक तथा आर्थिक प्रभावको विश्लेषण गर्ने भएकोले कार्यक्रम मार्फत संचालित हुने आर्थिक, सामाजिक गतिविधिहरू के-

कस्तो जनसांख्यिकीय अवस्थितिमा संचालन गरिएका छन् ? सबै जातजाति वर्गको सहभागिता कस्तो छ आदिबारे जानकारी हुन आवश्यक छ । उदाहरणको रूपमा कुनै बस्ती एवं संस्थामा १४ वर्ष मुनि र ६० वर्षभन्दा माथिको उमेर समुहका व्यक्तिहरू छन् भने त्यस्तो ठाउँमा आय आर्जनका क्रियाकलाप सञ्चालन गर्न सकिदैन । जातिय, धार्मिक एवं सांस्कृतिक कारणले पनि व्यक्तिको जीविकोपार्जनका क्रियाकलापमा फरक प्रभाव पारिरहेको हुनसक्छ । यसर्थ यहाँ अध्ययन क्षेत्रको सदस्यहरूको जनसांख्यिक र जातीय अवस्थाको विश्लेषण गर्न खोजिएको छ ।

## ४.२ उत्तरदाताहरूको पृष्ठभूमि


### ४.२.१ उमेरको आधारमा उत्तरदाता

अध्ययन क्षेत्रको उमेर अनुसार उत्तरदाताहरूको अवस्था के कस्तो छ ? भन्ने बारे निम्न तालिकामा विश्लेषण गरिएको छ ।

**तालिका ४.१ : उमेरको आधारमा उत्तरदाताहरूको संरचना**

| क्र.सं. | उमेर विवरण | जना | प्रतिशत |
|---|---|---|---|
| १ | २१-३० वर्षसम्म | ६० | ३१.९२ |
| २ | ३१-४० वर्षसम्म | ८० | ४२.५५ |
| ३ | ४१ भन्दा माथि | ४८ | २५.५३ |
| ४ | जम्मा | १८८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९



**चित्र ४.१ उत्तरदाताहरूको उमेरअनुसारको बनावट**

सर्वेक्षण गरिएका १८८ जना उत्तरदाताहरू मध्ये २० वर्षभन्दा कम उमेर हुने उत्तरदाताहरू भेटिएका छैनन । २१-३० वर्षसम्मका उत्तरदाताहरूको सङ्ख्या ६० जना अर्थात ३१.९२% रहेको छ भने ३१-४० वर्षसम्मका उत्तरदाताहरूको सङ्ख्या ८० जना अर्थात ४२.५५% रहेको छ । ४१ वर्षभन्दा माथिका उत्तरदाताहरूको सङ्ख्या ४८ जना अर्थात २५.५३% रहेको छ । यसबाट के बुझिन्छ भने सबैभन्दा कम उमेरका महिलाभन्दा बढी उमेरका महिलाहरू सहकारीमा आवद्ध भएको पाइन्छ । बढी उमेरका महिलाहरू सहकारीमा आवद्ध हुनुले व्यवहारिक भार बढी परेका महिलाहरू नै सहकारीमा सदस्य बन्ने रहेछन् भन्ने पुष्टी हुन्छ ।


### ४.२.२ जातिय आधारमा जनसङ्ख्याको वितरण

अध्ययन क्षेत्रमा समावेश गरिएका १८८ जना उत्तरदाताहरूमा विभिन्न जाति जनजाति रहेका छन् । ब्राम्हण क्षेत्रीको बाहुल्यता रहे तापनि अन्य जनजातिको पनि बलियो उपस्थिति छ । जनसङ्ख्याको जातीगत विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२ : जातिय आधारमा जनसङ्ख्याको वितरण**

| क्र.सं. | जातिय विवरण | जना | प्रतिशत |
|---|---|---|---|
| १ | ब्राम्हण | ५६ | २९.७८ |
| २ | नेवार | ४१ | २१.८० |
| ३ | क्षेत्री | १५ | ८.०० |
| ४ | दलित | ३० | १६.०० |
| ५ | गुरुङ | २१ | ११.१७ |
| ६ | मगर | १५ | ८.०० |
| ७ | ठकुरी | १० | ५.३१ |
|  | जम्मा | १८८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९




**चित्र ४.२ : जातिय आधारमा महिलाहरूको बनावट**

विभिन्न जातिहरूको संलग्नता रहेको यस संस्थामा उत्तरदाताहरूको सङ्ख्या पनि ब्राम्हण, नेवार र दलितको बाहुल्यता रहेको छ । ब्राम्हणको संलग्नता ५६ जना अथवा २९.७८%, नेवारको ४१ जना अर्थात २१.८४%, दलितको सङ्ख्या ३० जना अर्थात १६.००% त्यस्तै क्षेत्रीको सङ्ख्या १५ जना अर्थात ८.००%, गुरुङ्गको सङ्ख्या २१ जना अर्थात ११.१७%, मगरको सङ्ख्या १५ जना अर्थात ८.००% र ठकुरीको सङ्ख्या १० जना अर्थात ५.३१ रहेको माथिको तालिकाबाट स्पष्ट हुन्छ । धेरै थोरै जे जति भएपनि सबै जातजातिको सहकारी संस्थामा संलग्नता भएको तथ्य माथिको तालिकाबाट स्पष्ट हुन आउँछ ।


### ४.२.३ धर्मका आधारमा सदस्यहरूको विवरण

धर्मका आधारमा पनि मानिसको रहनसहन आदि के कस्तो छ भन्ने कुरा निर्धारण गर्न सकिन्छ । अध्ययन क्षेत्रमा कुन धर्म अपनाउने महिलाहरू कति रहेछन्, भन्ने कुराको विश्लेषण निम्न तालिकामा गरिएको छ ।

**तालिका ४.३ : धर्मका आधारमा सदस्यहरूको विवरण**

| क्र.सं. | धर्म विवरण | जना | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दु | १६७ | ८८.८० |
| २ | बौद्ध | १५ | ८.०० |
| ३ | बौद्ध र हिन्दु | ६ | ३.२ |
| | जम्मा | १८८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९




**चित्र ४.३ : धर्मको आधारमा सदस्यहरूको अवस्था**

माथिको तालिकाबाट अध्ययन गरिएको संस्थामा उत्तरदाताहरूका धर्मप्रतिको पनि आस्था प्रष्ट देखिन्छ । हिन्दु धर्म मान्ने धर्मावलम्बीहरू १६७ जना अर्थात ८८.००%, बौद्ध धर्म मान्ने धर्मावलम्बीहरू १५ जना अर्थात ८.००% र बौद्ध धर्म र हिन्दु धर्म दुवै मान्ने जम्मा ६ जना अर्थात ३.२% रहेकोबाट संस्थामा हिन्दु धर्मावलम्बी उत्तरदाताहरूको बाहुल्यता देखिन्छ ।


### ४.२.४ बैवाहिक स्थितिको आधारमा उत्तरदाताहरू

वैवाहिक स्थितिले पनि मानिसको व्यवहारमा प्रभाव पार्दछ । नमुना छनौट भएका उत्तरदाताहरूको वैवाहिक स्थिति के-कस्तो रहेछ ? भन्ने कुराको विश्लेषण निम्न तालिकामा गरिएको छ ।

**तालिका ४.४ : वैवाहिक स्थिति**

| क्र.सं. | विवरण | जना | प्रतिशत |
|---|---|---|---|
| १ | विवाहित | १७५ | ९३.०८ |
| २ | अविवाहित | ५ | २.६६ |
| ३ | एकल | ८ | ४.२६ |
| | जम्मा | १८८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९




**चित्र ४.४: वैवाहिक स्थितिको संरचना**

अध्ययन गरेको क्षेत्रमा उत्तरदाताहरूको वैवाहिक स्थिति माथिको तालिका अनुसार हेर्दा विवाहित महिलाहरूको बाहुल्यता देखिन्छ । विवाहित महिला १७५ जना अर्थात ९३.०८% र अविवाहित महिला ५ जना अर्थात २.६६% र एकल महिला ८ जना अर्थात ४.२६% रहेको देखिन्छ ।


### ४.२.५ प्रजनन स्थितिको आधारमा सदस्यहरू

प्रजनन स्थितिले पनि मानिसको लवाइ, खुवाइ, काम गराइ आदिमा के कस्तो प्रभाव पार्दछ भन्ने कुरा निर्धारण गर्दछ । नमुना छनोट भएका उत्तरदाताहरूको प्रजनन् स्थिति दर कस्तो रहेछ भन्ने कुराको विश्लेषण निम्न तालिकामा गरिएको छ ।

**तालिका ४.५ : प्रजनन स्थितिको आधारमा सदस्यहरूको संरचना**

| क्र.सं. | विवरण | जना | प्रतिशत |
|---|---|---|---|
| १ | १ मात्र सन्तान हुने | २० | १०.९२ |
| २ | २-३ जना सन्तान हुने | १५६ | ८५.२५ |
| ३ | ४ वा सोभन्दा बढी हुने | ५ | २.७४ |
| ४ | निसन्तान/सन्तान नहुने | २ | १.०९ |
| | जम्मा | १८३ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९




**चित्र ४.५: प्रजनन स्थितिका आधारमा सदस्यहरूको अवस्था**

माथिको तालिका अध्ययन गरेको संस्थामा उत्तरदाताहरूको प्रजनन् स्थिति देखाइएको छ। जसमा १ जना सन्तान हुनेको सङ्ख्या २० जना अर्थात १०.९२%, २.३ जना मात्र सन्तान हुनेको सङ्ख्या १५६ जना अर्थात ८५.२५%, ४ जना भन्दा बढी सन्तान हुनेको सङ्ख्या ५ जना अर्थात २.७४% र निसन्तान अर्थात सन्तान नरहेको सङ्ख्या २ जना अर्थात् १.०९ यसबाट के थाहा लाग्छ भने २-३ वटा सन्तान हुनेको बाहुल्यता रहेको देखिन्छ।


### ४.२.६ शैक्षिक स्थितिका आधारमा सदस्यहरूको विवरण

शैक्षिक दृष्टिकोणमा हाम्रो देश अझै पिछडिएको छ। अझ महिलाहरूमा त अशिक्षा र निरक्षरता व्याप्त रहेको छ। विकासका गतिविधिहरूबाट टाठाबाठाहरूले बढी मात्रामा फाइदा लिइरहेको विगतको अनुभवलाई हेर्दा यस अध्ययनको क्रममा छनौट गरिएका उत्तरदाताहरूको शैक्षिक स्थिति के कस्तो छ ? यसको विवरण निम्न तालिकाबाट प्रस्तुत गरिएको छ।

**तालिका ४.६ : शैक्षिक स्थितिका आधारमा सदस्यहरूको विवरण**

| क्र.सं. | विवरण | जना | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | १५ | ८.०० |
| २ | साक्षर | ८१ | ४३.०६ |
| ३ | एस.एल.सी | ६६ | ३५.११ |
| ४ | उच्च शिक्षा | २६ | १३.८३ |
| | जम्मा | १८८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९




**चित्र ४.६: शैक्षिक स्थितिका आधारमा सदस्यहरूको संरचना**

माथिको तालिकाबाट उत्तरदाताहरूको शैक्षिक स्थिति हेर्दा साक्षरको सङ्ख्या बढी देखिन्छ । जसमा ८१ जना अर्थात ४३.०६%, एस.एल.सी सम्म अध्ययन गर्नेको सङ्ख्या ६६ जना अर्थात ३५.११%, उच्च शिक्षा सम्मको अध्ययन गर्नेमा २६ जना अर्थात १३.८३% र निरक्षरको सङ्ख्या १५ जना अर्थात ८.००% माथिको तालिकाले के देखाउँछ भने समग्रमा लेख्न पढ्न सक्नेको सङ्ख्या बढी भएको देखाउँदछ ।

# खण्ड ५

# सामाजिक प्रभावको विश्लेषण

सहकारिताको मुख्य उद्देश्य एउटै उद्देश्य बोकेका एउटै विचारका व्यक्तिहरू मिली संगठन मार्फत व्यवसायमा विना शोषण आर्थिक र सामाजिक आवश्यकता परिपूर्ति गर्नु हो । अथवा एकै उद्देश्य भएका सदस्यहरूलाई व्यवसायमा आवद्ध गराएर तिनीहरूको आर्थिक र सामाजिक आवश्यकता परिपूर्ति गर्नु सहकारीको प्रमुख उद्देश्य रहेको हुन्छ । यसले सिद्धान्तलाई भन्दा व्यवहारिकतामा बढी जोड दिन्छ । सहकारी निश्चित मूल्य मान्यता र सिद्धान्तको आधारमा संचालन हुन्छ । यसले सदस्यहरूलाई आफ्नो पौरखले कसैको शोषण नगरी उत्तम जिवनस्तर प्राप्त गर्न सामर्थ्यता प्रदान गर्दछ । यसबाट मानवीय मुल्यको आदर एवं काम गर्ने प्रेरणा पनि प्राप्त हुन्छ । कुनै पनि  सदस्यहरू हाबि हुने गुञ्जायस रहँदैन । जे जति लाभ हानि हुन्छ त्यो समान रूपले वितरण गरिन्छ । सहकारीले सदस्यहरूको उन्नतिको साथै नैतिक आचरण र नैतिक मुल्य सिर्जना तथा विकास गर्नमा समेत जोड गर्छ । जसले गर्दा समाजले नयाँ गति लिन सक्छ । सहकारिताले प्रत्येक मानिसमा केही नयाँ भावनाको सञ्चार गराउँदछ । सहकारी मार्फत सदस्यहरूले विभिन्न क्षेत्रमा लगानी गरी सदस्यहरूको सामाजिक र आर्थिक सशक्तिकरणको लागि प्रयास गरिरहेका छन् । विभिन्न गोष्ठी छलफल र भेलामा भाग लिने अध्ययन भ्रमण र सहभागी हुनुले सदस्यहरूमा चेतना बढेको छ । बचत तथा ऋण कार्यक्रम, तालिम, अध्ययन भ्रमण, गोष्ठी, भेलाहरूबाट सदस्यहरूमा आर्थिक तथा सामाजिक सशक्तिकरण भएको पाईन्छ ।


## ५.१ उमेर र शिक्षाको आधारमा सहकारीमा सहभागिता

सहकारीमा संलग्न हुने उत्तरदाताहरू कुन-कुन उमेरका छन् र उनीहरूको शैक्षिक स्थिति कस्तो छ ? जानकारी प्राप्त गर्नको लागि तलको तालिकाबाट उत्तरदाताहरूको स्थिति निम्न प्रकारको देखिन्छ ।

**तालिका ५.१: उमेर र शिक्षाका आधारमा सहकारीमा सहभागीताको संरचना**

| उमेर | निरक्षर | साक्षर | एस.एल.सी | उच्च शिक्षा | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| २१-३० वर्ष | - | ८ | ३२ | २० | ६० | ३१.९२ |
| ३१-४० वर्ष | ६ | ३५ | ३३ | ६ | ८० | ४२.५५ |
| ४१ भन्दा माथि | ९ | ३८ | १ | - | ४८ | २५.५३ |
| जम्मा | १५ | ८१ | ६६ | २६ | | |
| प्रतिशत | ८.०० | ४३.०८ | ३५.११ | १३.८२ | | |

स्रोत: स्थलगत सर्वेक्षण २०६९




**चित्र ५.१ : उमेर र शिक्षाका आधारमा सहकारीमा सहभागिताको अवस्था**

माथिको तालिकाबाट हेर्दा सहकारीमा संलग्न हुने उत्तरदाताहरूको उमेर समुह २० वर्षभन्दा तलको भेटिएन । २१-३० वर्ष वीचको उमेर समुह हुने ६० जना अर्थात ३१.९२% पाईयो । त्यसैगरी ३१-४० वर्ष उमेर समुहका उत्तरदाताहरू ८० जना अर्थात ४२.५५% रहेको पाइयो भने त्यसैगरी ४१ वर्ष उमेर समुहभन्दा माथि ४८ जना अर्थात २५.५३% उत्तरदाताहरू सहकारीमा संलग्न भएको पाइयो । सबैभन्दा बढी ३१-४० वर्ष उमेर समुहका महिलाहरूको सहकारीमा संलग्नता भएको देखिन्छ । शिक्षाको आधारमा उत्तरदाताहरूको संलग्नतालाई हेर्दा २१-३० वर्ष उमेर समुहका महिलाहरूको सहकारीमा संलग्नता भएको देखिन्छ । शिक्षाको आधारमा उत्तरदाताको संलग्नतालाई हेर्दा २१-३० वर्ष उमेर समुहमा निरक्षरको सङ्ख्या कतिपनि देखिदैंन भने सोभन्दा माथिको उमेर समुहमा जम्मा १५ जना

मात्र निरक्षर भएको पाईयो अर्थात ८.००% साथै साक्षर ८१ जना अर्थात ४३.०८% जुन सबैभन्दा धेरै सङ्ख्यामा देखिन्छ। त्यसैगरी एस.एल.सी सम्मकोमा ६६ जना अर्थात ३५.११% र उच्च शिक्षामा २६ जना अर्थात १३.८२% रहेको पाइन्छ । यसबाट के देखिन्छ भने सहकारीमा संलग्न हुने उत्तरदाताहरू निरक्षर र उच्च शिक्षा लिने भन्दा साक्षरहरूको सङ्ख्या बढी देखिन्छ।


## ५.२ सहकारीमा लाग्ने प्रेरणा पाउने सदस्यहरू

सहकारीमा लाग्नका लागि कसैको प्रेरणा सल्लाहा, वा आफै लाग्ने सदस्यहरूको के-कस्तो अवस्थिति छ तलको तालिकाबाट थाहा पाइन्छ।

**तालिका ५.२ :सहकारीमा लाग्न प्रेरणा पाउने सदस्यहरू**

| क्र.सं. | विवरण | जना | प्रतिशत |
|---|---|---|---|
| १ | स्वेच्छाले लाग्ने | ६३ | ३३.५२ |
| २ | साथीबाट लाग्ने | ८६ | ४५.७४ |
| ३ | परिवारबाट लाग्ने | ३९ | २०.७४ |
| | जम्मा | १८८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९




**चित्र ५.२ :सहकारीमा लाग्ने प्रेरणा दिनेहरूको संरचना**

माथिको तालिकाबाट सहकारीमा लाग्नको लागि बढी प्रेरणा दिने उत्तरदाताहरूको स्थिति बुझ्न सकिन्छ । सहकारीमा लाग्न स्वेच्छाले लागेको भनि जवाफ दिने उत्तरदाताहरू ६३ जना अर्थात ३३.५२% रहेको पाईयो । साथीबाट सुनेर र बुझेर सहकारीमा लागे भन्ने ८६ जना अर्थात ४५.७४% र परिवारबाट सहकारीमा लाग्न प्रेरणा दिने ३९ जना अर्थात २०.७४% रहेको पाईन्छ । यसबाट के देखिन्छ भने स्वेच्छा र परिवारबाट सहकारीमा लाग्नेको सङ्ख्या भन्दा बढी साथीहरूको प्रेरणाले सहकारीमा लाग्नेको सङ्ख्या बढी देखिन्छ । अन्यको तुलनामा साथीले भनेको कुरा बढी मानिने माथिको तालिकाबाट प्रष्ट हुन आउँछ ।


## ५.३ सहकारीमा लाग्नुका विभिन्न कारणहरू

कुनै संघ संस्थाको आ-आफ्नै उद्देश्य रहेको हुन्छ र आफूलाई फाइदा हुने भएमा सदस्यहरू संलग्न हुने गर्दछन् । त्यसैगरी सहकारीमा के कारणले गर्दा सदस्यहरू लागे भने उत्तरदाताहरूको स्थिति तलको तालिकाबाट देख्न सकिन्छ ।

**तालिका ५.३ : सहकारीमा विभिन्न कारणबाट लाग्ने उत्तरदाताहरूको विवरण**

| क्र.सं. | विवरण | जना | प्रतिशत |
|---|---|---|---|
| १ | बचत गर्न, ऋण लिई व्यवसाय गर्न | ११५ | ६१.१७ |
| २ | आफ्नो व्यक्तित्व विकास एवं महिला सशक्तिकरण हुनका लागि | ७३ | ३८.८३ |
| | जम्मा | १८८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९




**चित्र ५.३ : सहकारीमा विभिन्न कारणबाट लाग्ने उत्तरदाताहरूको सङ्ख्या**

माथिको तालिकाबाट के देखिन्छ भने सहकारीमा लाग्नुको मुख्य कारण के हो भन्ने प्रश्नको जवाफमा बचत गर्न र ऋण लिई व्यवसाय संचालन गर्न भन्ने उत्तरदाताहरू ११५ जना अर्थात ६१.१७% पाईन्छ । त्यसैगरी आफ्नो व्यक्तित्व विकास गर्न एवं महिला सशक्तीकरणका लागि सहकारीमा प्रवेश गरेको हो भन्ने उत्तरदाताहरू ७३ जना अर्थात ३८.८३% रहेको पाईन्छ । बचत गर्न र ऋणलाई व्यवसाय संचालन गर्नका लागि सबैभन्दा धेरै उत्तरदाताहरू सहकारीमा लागेको पाइयो ।


## ५.४ सहकारीबाट सोचे जस्तो फाइदा लिने र नलिने उत्तरदाताहरू

कुनै पनि संघ संस्थामा लाग्नुको कारण त्यस संस्थाले आफूलाई के फाइदा दिन्छ वा दिदैन महत्वपूर्ण हुन्छ । फाइदा हुने भए मानिसहरू त्यस संस्थामा लाग्दछन् भने फाइदा नहुने भएमा संस्थामा प्रवेश गर्दैनन् । यो एउटा मानविय स्वभावना नै हो । सहकारीमा लागेपछि सोचेजस्तो फाइदा भयो वा भएन भन्ने उत्तरदाताहरूको स्थिति तलको तालिकाबाट यस्तो नतिजा पाउन सकिन्छ ।

**तालिका ५.४ : सहकारीबाट सोचेजस्तो फाइदा लिने र नलिने उत्तरदाताहरू**

| क्र.सं. | विवरण | जना | प्रतिशत |
|---|---|---|---|
| १ | फाइदा भयो | १८४ | ९७.८७ |
| २ | फाइदा भएन | ४ | २.१३ |
| | जम्मा | १८८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९




**चित्र ५.४: सहकारीबाट सोचेजस्तो फाइदा लिने र नलिने उत्तरदाताहरूको संरचना**

माथिको तालिकाअनुसार सहकारीमा लागेपछि आफूहरूले सोचेजस्तो फाइदा भयो भन्ने उत्तरदाताहरू १८४ जना अर्थात ९७.८७% रहेको पाइयो भने सहकारीमा लागेपछि सोचेजस्तो फाइदा भएन भन्ने उत्तरदाताहरू ४ जना अर्थात २.१३% रहेको पाइन्छ । यसबाट सहकारीमा संलग्न भएपछि धेरै उत्तरदाताहरू यसबाट फाइदा लिइ सकेका रहेछन् भन्ने थाहा लागेको छ । भने जम्मा ४ जना मात्र अर्थात २.१३% मात्र फाइदा भएन भन्ने पाइयो ।


### ५.४.१ शिक्षाको आधारमा फाइदा लिने र नलिने उत्तरदाताहरू

शिक्षाको आधारमा फाइदा लिने उत्तरदाताहरू र फाइदा लिन नसक्ने उत्तरदाताहरूको स्थिति के छ भनि सोधेको उत्तरमा निम्न अनुसारको नतिजा आएको छ । यसबाट शिक्षाले फाइदा लिन कति सहयोग गरेको हुन्छ यो शिक्षा नभएपनि फाइदा लिन सक्ने, नसक्ने स्थिति के रहेछ भन्ने कुराको नतिजा निम्न तालिकाबाट पाइयो ।

**तालिका ५.५ : शिक्षाको आधारमा फाइदा लिने र नलिने उत्तरदाताहरू**

| शैक्षिक स्थिति | फाइदा भयो | | फाइदा भएन | |
|---|---|---|---|---|
| निरक्षर | १४ | ७.४५ | १ | ०.५३ |
| साक्षर | ७९ | ४२.०२ | २ | १.०६ |
| एस.एल.सी. | ६६ | ३५.११ | - | - |
| उच्च शिक्षा | २५ | १३.३० | १ | ०.५३ |
| जम्मा | १८४ | ९७.८८ | ४ | २.१२ |

स्रोत : स्थलगत सर्वेक्षण २०६९




**चित्र ५.५ : शिक्षाको आधारमा फाइदा लिने र नलिने उत्तरदाताको स्थिति**

माथिको तालिकाबाट के बुझ्न सकिन्छ भने निरक्षर भएपछि फाइदा भयो भन्ने उत्तरदाताहरू १४ जना अर्थात ७.४५% पाइयो । अर्थात निरक्षर भएपनि सहकारीबाट फाइदा लिन सकेका रहेछन् । त्यसैगरी साक्षर उत्तरदाताहरू ७९ जना अर्थात ४२.०२% ले संस्थाबाट फाइदा लिन सकेको पाइयो । एस.एल.सी. सम्म शैक्षिक योग्यता भएका उत्तरदाताहरू ६६ जना अर्थात ३५.११% ले फाइदा भयो भन्ने उत्तर दिएको पाइयो भने फाइदा भएन भन्नेको सङ्ख्या यसमा भेटिएन भने उच्च शिक्षा शिक्षा लिएका उत्तरदाताहरूमा फाईदा भयो भन्नेमा २५ जना अर्थात १३.३०% रहेको छ भने फाइदा भएन

भन्नेमा १ जना अर्थात ०.५३% मात्र पाइयो । यसबाट के थाहा लाग्छ भने समग्रमा फाईदा भयो भन्ने १८४ जना अर्थात ९७.८७ पाइयो भने फाइदा भएन भन्नेमा ४ जना अर्थात २.१३% पाईयो ।


## ५.५ सहकारीमा लागेपछि सिप सिक्ने र नसिक्ने उत्तरदाताहरू

सहकारी संस्थामा आवद्ध सदस्यहरूलाई आर्थिक बचत ऋणको साथसाथै अन्य सशक्तिकरण  एवं व्यवसाय प्रवर्द्धन सम्बन्धी तालिमहरू सहकारीको उद्देश्यअनुसार दिइँदै आएको हुन्छ । सहकारिताको ७ सिद्धान्त मध्ये शिक्षा, तालिम तथा सूचना अन्तर्गत आफ्ना सदस्यहरूलाई समसामयिक सूचना ज्ञान, तालिमको माध्यमबाट प्रदान गर्नु सहकारी संस्थाको कर्तव्य हो । सहकारीमा लागेपछि, सिप सिक्ने र नसिक्ने उत्तरदाताहरूको स्थिति के रहेछ तलको तालिकाबाट प्रष्ट हुन्छ ।

**तालिका ५.६ : सहकारीमा लागेपछि सिप सिक्ने र नसिक्ने उत्तरदाताहरूको वर्गीकरण**

| क्र.सं. | विवरण | जना | प्रतिशत |
|---|---|---|---|
| १ | सिप सिक्ने | १०६ | ५६.३८ |
| २ | सिप नसिक्ने | ८२ | ४३.६२ |
| | जम्मा | १८८ | १०० |

स्रोत : स्थलगत  सर्वेक्षण, २०६९




**चित्र ५.६: सहकारीमा लागेपछि सिप सिक्ने र नसिक्ने उत्तरदाताको संरचना**

माथिको तालिकाबाट सहकारीमा लागेपछि आफ्नो व्यवसाय प्रवर्द्धन गर्नको लागि सिप सिक्ने उत्तरदाताहरू १०६ जना अर्थात ५६.३८% र सिप नसिक्ने उत्तरदाताहरू ८२ जना अर्थात ४३.६२% रहेको पाइयो । सिप नसिक्नेको तुलनामा सिप सिक्ने उत्तरदाताहरूको सङ्ख्या बढी भएपनि सिप नसिक्ने उत्तरदाताहरू ८२ जना अर्थात ४३.६२% भएकोले अझै पनि यिनीहरूलाई सिप सिकाउन बाँकी रहेको पुष्टी हुन्छ ।


## ५.६ उमेर र शिक्षाको आधारमा सिप सिक्ने उत्तरदाताहरू

माथिको तालिका ५.५ बाट सहकारीमा लागेपछि सिप सिक्ने र नसिक्ने उत्तरदाताहरूको अवस्थिति के कस्तो रहेछ जानकारी प्राप्त भै सकेपछिको अवस्थामा सिप सिक्ने १०६ जना र सिप नसिक्ने ८२ जना हरूमा उमेर र शिक्षा कस्तो स्थिति रहेछ निम्न तालिकाबाट थाहा पाईन्छ ।

**तालिका ५.७ : उमेर समुहर शिक्षाका आधारमा सिप सिक्ने उत्तरदाताहरूको अवस्था**

| उमेर | शिक्षा | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | निरक्षर | | साक्षर | | एस.एल.सी | | उच्च शिक्षा | | | |
| | सिप सिक्ने | सिप नसिक्ने | सिप सिक्ने | सिप नसिक्ने | सिप सिक्ने | सिप नसिक्ने | सिप सिक्ने | सिप नसिक्ने | | |
| २१-३० वर्ष | × | × | ९ | २ | १९ | १३ | १४ | ६ | ६० | ३१.९२ |
| ३१-४० वर्ष | ५ | १ | २२ | १३ | १८ | १५ | ४ | २ | ८० | ४२.५५ |
| ४१ भन्दा माथि | ७ | २ | ११ | २७ | - | १ | - | - | ४८ | २५.५३ |
| जम्मा | १२ | ३ | ४२ | ४२ | ३७ | २८ | १८ | ८ | १८८ | |
| प्रतिशत | ६.३८ | १.६० | २०.७४ | २२.६६ | १९.६८ | १५.४२ | ९.५७ | ४.२५ | १०० | |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९




**चित्र ५.७ : सिप सिक्ने उत्तरदाताहरूको उमेर र शैक्षिक अवस्था**

माथिका तालिकाले सहकारीमा संलग्न महिलाहरूको सिप सिक्ने कुरालाई महत्व दिएको देखिन्छ । कुल निरक्षर महिलाहरू मध्ये १२ जनाले सिप सिकेको देखिन्छ भने ३ जना मात्र सिप नसिकेको पाइयो । कुल साक्षर महिला मध्ये सिप सिक्ने ३९ जना अर्थात २०.७४% छन् भने सिप नसिक्नेमा ४२ जना अर्थात २२.६६% ले ठूलो सङ्ख्यामा सिप नसिकेको देखाउँछ ।

## ५.७ सहकारीमा लागेपछि भएको फाइदा (बहुउत्तरदाताहरू)

सहकारीमा लागेपछि फाइदा भयो भन्ने १८४ जना (९७.८७%) उत्तरदाताहरूले के-के फाइदा भयो भनि सोधेको जवाफमा निम्न लिखित जवाफ दिएका थिए ।

**तालिका ५.८ : सहकारीमा लागेपछि भएका विभिन्न फाइदाको स्थितिको जानकारी**

| क्र.सं. | विवरण | सङ्ख्या |
|---|---|---|
| १ | आर्थिक फाइदा लिने | १८८ |
| २ | शैक्षिक फाइदा लिने | ११५ |
| ३ | राजनैतिक फाइदा लिने | ३५ |
| ४ | सामाजिक फाइदा लिने | ५५ |
| ५ | अन्य फाइदा लिने | १० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

**नोट : बहुउत्तर आएकोले सङ्ख्या बढी देखिएको छ ।**

माथिको तालिकाअनुसार सहकारीमा लागेपछि आर्थिक फाइदा लिने उत्तरदाताहरू १८८ जना, शैक्षिक फाइदा लिने ११५ जना, राजनैतिक फाइदा लिने ३५ जना, सामाजिक फाइदा लिने ५५ जना र अन्य फाइदा लिने १० जना रहेका छन् ।


## ५.८ सहकारीमा संलग्न भएपछि विभिन्न सिप सिक्ने उत्तरदाताहरू

स्थलगत अध्ययन पछि अध्ययन क्षेत्रका उत्तरदाताहरू सहकारीमा लागेपछि जस्तो सिप सिक्नुभयो भनि सोधेको जवाफममा यस्तो पाइयो ।

**तालिका ५.९: सहकारीमा संलग्न भएपछि विभिन्न सिप सिक्ने उत्तरदाताहरूको बनावट**

| क्र.सं. | विवरण | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | व्यवसाय प्रवर्द्धन | ५१ | २७.१२ |
| २ | व्यवसायिक बन्ने | ५५ | २९.२६ |
| ३ | कुनै पनि सिप नसिक्ने | ८२ | ४३.६२ |
| | जम्मा | १८८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९




**चित्र ५.८ : सहकारीमा संलग्न भएपछि विभिन्न सिप सिक्ने उत्तरदाताहरूको संरचना**

माथिको तालिकाबाट सहकारीमा संलग्न भएपछि व्यवसाय प्रवर्द्धन गर्ने सिप सिक्नेहरू ५१ जना अर्थात् २७.१२% रहेको पाइयो भने व्यवसायिक बन्ने सिप सिक्नेहरू ५५ जना अर्थात २९.२६% रहेको पाइयो । त्यसैगरी सहकारीमा संलग्न भएपछि कुनै पनि सिप नसिक्ने उत्तरदाताहरू ४२ जना ४३.६२% रहेको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने ठूलो सङ्ख्यामा रहेका कुनै पनि सिप नसिक्ने उत्तरदाताहरूको सङ्ख्या ८२ जना अर्थात ४३.६२% लाई सिप सिकाउनुपर्ने अवस्था देखिन्छ । सहकारीमा संलग्न भएपछि उत्तरदाताहरूमा व्यवसायिक बन्ने सिपको विकास भएको र आफ्नो व्यवसाय प्रवर्द्धन गर्ने सिप पाएपछि व्यवसाय प्रवर्द्धन भए व्यवसायिक हुन सहयोग पुगेको देखिन्छ । संस्थामा संलग्न नहुँदा व्यक्तिगत रूपमा व्यवसायिक खालका एवं कुनै पनि प्रकारका सिपहरू सिक्ने अवसर मिलेको थिएन तर संस्थामा आवद्ध भएपछि विभिन्न खाले ज्ञानमुलक तालिमहरू प्राप्त भएको उत्तरदाताहरूको जवाफ पाइयो । आफूखुशी आफै स्वेच्छाले कसैको सल्लाह नलिई गरेका व्यवसायबाट भन्दा तालिम लिइसकेपछि गरेको व्यवसायमा तुलनात्मक रूपमा बढी फाइदा हुने रहेछ ।


## ५.८ सिकेको सिपको प्रयोग गर्ने/नगर्ने उत्तरदाताको वर्गीकरण

सहकारीमा लागेका महिलाहरूको सिकेको सिप प्रयोग गरेको वा नगरेको बारेमा तलको तालिकामा उल्लेख गरिएको छ । तालिम नं. ५.८ सिकेको सिपको प्रयोग गर्ने/नगर्ने उत्तरदाताहरूको वर्गीकरण

**तालिम ५.१० :सिप सिकेर त्यसबाट बढी फाइदा लिने उत्तरदाताहरू**

| क्र.सं. | विवरण | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | सिकेको सिप प्रयोग गर्ने | ७२ | ६७.९२ |
| २ | सिकेको सिपको प्रयोग नगर्ने | ३४ | ३२.०८ |
| | जम्मा | १०६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९




**चित्र ५.९ : सिप सिकेर त्यसबाट बढी फाइदा लिने उत्तरदाताहरूको संरचना**

माथिको तालिकाअनुसार सिप सिकेर बढी फाइदा लिने उत्तरदाताहरू ६१ जना अर्थात ५७.५५% रहेको पाइयो भने सिप सिकेर सामान्य फाइदा लिने उत्तरदाताहरू ४५ जना अर्थात ४२.४५% रहेको पाइयो । यसबाट के पुष्टी हुन्छ भने संस्थाले आफ्ना सदस्यहरूलाई समय समयमा विभिन्न खाले सिपहरू सिकाउँदै गएमा सदस्यहरूले आफूलाई र आफ्नो व्यवसायलाई समय सापेक्ष सुधार प्रवर्द्धन गराउँदै लैजाने गरेको पाइयो ।

## ५.१० सहकारीका साथीहरूसँग गर्ने अर्न्तक्रिया सम्बन्धमा उत्तरदाताहरू

निश्चय पनि कुनै संस्थामा लागेपछि घरायसी अलावा आफ्नो व्यक्तित्व विकास गर्नुका अतिरिक्त अन्य विषयहरू जस्तै राजनैतिक, सामाजिक, आर्थिक विषयमा अर्न्तक्रिया हुने गर्दछ । सहकारीमा साथीहरूसँग के कस्तो कुराबारे अर्न्तक्रिया गर्नुहुन्छ भनि सोधिएको प्रश्नको जवाफमा निम्न बमोजिम निश्कर्ष पाइयो ।

**तालिका ५.११ : सहकारीका साथीसँग गर्ने अर्न्तक्रियाका विषयहरूमा** (बहु उत्तरदाताहरू)

| क्र.सं. | विवरण | जम्मा |
|---|---|---|
| १ | आर्थिक विषय | १८१ |
| २ | राजनैतिक विषय | २५ |
| ३ | सामाजिक विषय | १५१ |
| ४ | शैक्षिक विषय | ६५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

सहकारीमा विभिन्न कार्यक्रममा भेट भएपछि साथीहरूसँग नयाँ घरायसी कुराहरूबाहेक पनि आर्थिक विषयमा अर्न्तक्रिया गर्ने १८१ जना, राजनैतिक विषयमा कुरा छलफल गर्ने २५ जना सामाजिक, सांस्कृतिक विषयमा छलफल गर्ने १५१ जना र शैक्षिक विषयमा छलफल गर्नेमा ६५ जना पाइयो । सहकारीमा संलग्न हुँदा आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक विषयहरूमा पनि छलफल र अर्न्तक्रिया हुने हुनाले सहभागीहरूमा चेतनाको विकास भएको पाइन्छ । अन्य विषयहरूको तुलनामा आर्थिक विषयमा धेरैले छलफल गरेको पाइन्छ भने सामाजिक विषयमा पनि धेरै छलफल हुँदो रहेछ भन्ने कुरा थाहा लागेको छ । जसको फलस्वरूप सदस्हरूको व्यक्तित्व विकास भएको पाइयो ।

## ५.११ सहकारीमा संलग्न भएर राम्रो गरे भन्ने उत्तरदाताहरू

कुनै पनि संघ संस्थामा प्रवेश गर्दा आर्थिक लगायत समयको पनि लगानी गर्नुपर्ने हुन्छ । मान्छेले समय खर्च गरेर सहकारीमा प्रवेश गरिसकेपछि त्यसको प्रतिफल खोज्नु स्वभाविक हो । कुनै प्रतिफल मापनयोग्य हुन्छ भने कुनै मापन योग्य नभए पनि आफ्नो मनोवैज्ञानिक रूपमा समेत त्यसले प्रवेश गर्दा आफूलाई आनन्द भएको समेत महसुस हुन्छ । सहकारीमा संलग्न भएर तपाईलाई राम्रो वा नराम्रो कस्तो भएजस्तो लागेको छ भनि सोधिएको जवाफममा निम्न बमोजिमको निष्कर्ष पाइयो ।

**तालिका ५.१२: सहकारीमा संलग्न भएर राम्रो गरे भन्ने उत्तरदाताहरूको वर्गीकरण**

| क्र.सं. | विवरण | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | राम्रो गरेँ | १८८ | १०० |
| २ | राम्रो गरिन | - | - |
| | जम्मा | १८८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

सहकारीमा लागेर राम्रो गरेँ भन्ने उत्तरदाताहरू १८८ जना अर्थात १००% रहेको पाइयो भने राम्रो गरिन भन्ने उत्तरदाताहरू शुन्य पाइयो । सो कुराको जानकारी माथिको तालिकाबाट प्रष्ट हुन्छ ।

## ५.१२ सहकारीमा संलग्न भएपछिको उपयोगिता

सहकारीमा लागेर राम्रो गरैं भन्ने उत्तरदाताहरूलाई सोधिएको प्रश्नमा सत् प्रतिशत जवाफ राम्रो गरे भन्ने उत्तरदाताहरू पाइयो । राम्रो गरे भन्ने सत्प्रतिशत १८८ जना आएपछि राम्रै गरे जस्तो लागेको छ भन्ने किन राम्रो भयो भनि सोधिएको १२ जना निम्न बमोजिम क (उत्तर) पाइयो ।

**तालिका ५.१३ : सहकारीमा संलग्न भएपछिको उपयोगितामा उत्तरदाताहरूको अनुभवको वर्गीकरण** (बहु उत्तरदाताहरू)

| क्र.सं. | विवरण | जम्मा |
|---|---|---|
| १ | आफ्नै संस्थाबाट ऋण पाइने | १७५ |
| २ | बचत गर्न पाइने | १८१ |
| ३ | विभिन्न तालिमबाट ज्ञान बढेको एवं धेरै साथीहरूसँग चिनजानी बढेको | १५० |
| ४ | घरबाहिर निस्कने वातावरण बढेको | ६० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

सहकारीमा लागेर आफ्नै संस्थाबाट २-४ पैशा बचत गर्न पाइने र आफूलाई आवश्यक परेको बेलामा आफ्नै सहकारी संस्थाबाट ऋण झिकेर आफ्नो समस्या टार्न पाइने भन्ने उत्तरदाताहरू १७५ जना पाइयो । विभिन्न तालिमहरू पाइने जसको कारणले ज्ञान बढेको एवं साथीहरूसँग चिनजानी बढेको भन्ने उत्तरदाताहरू १५० जना पाइयो भने घर बाहिर निस्कने वातावरण बढेको भन्ने उत्तरदाताहरू ६० जना पाइयो । यसबाट आएको निष्कर्षले के स्पष्ट हुन्छ भने सहकारीले सदस्यहरूलाई बचत ऋणको कारोबारसँगै घरबाहिर निस्कने र केही गर्नुपर्छ भन्ने भावनाको विकास गराएको पाइन्छ ।

# खण्ड ६

# आर्थिक प्रभावको विश्लेषण

कार्ल मार्क्सले समाजको पहिचानलाई निश्चित गर्ने निर्णायक कारकतत्वको रूपमा आर्थिक कारणहरूलाई राखेका छन् । यस अर्थमा सामाजिक परिवर्तन पनि आर्थिक कारणहरूको परिणाम स्वरूप हुन्छ । सामाजिक जिवन, विचार, मुल्य, राजनैतिक व्यवस्था, साहित्य, कला आदिको निर्धारण आर्थिक उत्पादनमा निर्भर गर्दछ । बचत तथा ऋण सहकारीको प्रमुख उद्देश्य संस्थागत विकासको माध्यमबाट आर्थिक विकासमा टेवा पुऱ्याउने भएको हुनाले कार्यक्रमले सहकारीमा आवद्ध महिलाहरूको जिविकोपार्जनमा सघाउ पुऱ्याउन बचत संकलन, ऋण लगानी, असुलिको साथै नेतृत्व विकास व्यवसाय छनौट, व्यवसाय प्रवर्द्धन एवं महिला सशक्तिकरण लगायत समसामयिक चेतनामूलक तालिम प्रदान गरी मानविय क्षमता अभिवृद्धिको माध्यमबाट स्वरोजगारका अवसरहरू सृजना गर्ने विभिन्न व्यवसायिक तालिमहरू जस्तै पशुपालन, तरकारी खेती, जस्ता तालिमहरूबाट व्यक्तिको आयआर्जनमा सहयोग पुऱ्याउने कार्यक्रम भैइरहेको पाइन्छ । उक्त गतिविधिहरूबाट महिलाहरू व्यवसाय प्रति आकर्षित भएका छन् । केही न केही व्यवसाय उद्यम गर्नुपर्दछ भन्ने भावनाको विकास भई सदस्यहरूले संभावित व्यवसायहरू जस्तै : व्यवसायिक तरकारी खेती, पशुपलान, किराना पसल, होटेल, व्युटिपार्लर, सिलाई बुनाई, मासुपसल जस्ता उद्यमहरू स्थापना हुने क्रम बढेको छ । यसरी घरमै आर्थिक गतिविधिहरू संचालन भई रोजगारीका अवसर बढ्नुलाई सहकारीको सकारात्मक पक्षको रूपमा लिन सकिन्छ ।

## ६.१ सहकारी (बचत तथा ऋण) कार्यक्रमको आर्थिक गतिविधिको विश्लेषण

बचत तथा ऋण कार्यक्रमको प्रमुख उद्देश्य सदस्यहरूको आर्थिक स्थितिमा सुधार गर्नु भएकोले सो उद्देश्य परिपूर्ति गर्नका लागि कार्यक्रमबाट विभिन्न आर्थिक गतिविधिहरू संचालन भएका छन् ।

### ६.१.१ सहकारीबाट ऋण लिने र नलिने उत्तरदाताहरू

अनुसन्धानको क्रममा र हरेक सबै उत्तरदाताहरू सहकारीबाट ऋण लिएर व्यवसाय संचालन गरेका महिला सदस्यहरू भएको हुँदा १८८ जना अर्थात १००% महिला

सदस्यहरूले सहकारीबाट ऋण लिएको पा इयो । यसबाट सहकारीमा धेरै उत्तरदाताहरूले आफ्नो व्यवसाय संचालन गर्न वा आर्थिक कारोबारका लागि सहकारीलाई माध्यम बनाएको देखिन्छ ।


### ६.१.२ ऋण लिएर व्यवसायमा लगानी गर्ने उत्तरदाताहरू

सहकारी संस्थाबाट ऋण लिएर आफ्नो आर्थिक कारोबार बढी के मा लगानी गर्ने गर्दछन् भन्ने कुरा थाहा पाउन तलको तालिकाबाट उत्तरदाताहरूको व्यवसाय के कस्तो रहेछ भन्ने कुरा थाहा पाइन्छ ।

**तालिका ६.१ : ऋण लिएर व्यवसायमा लगानी गर्ने उत्तरदाताहरूको संरचना**

| क्र.सं. | विवरण | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | तरकारी पसल | २० | १०.६४ |
| २ | किराना पसल | ९७ | ५१.६० |
| ३ | मासु पसल | २५ | १३.३० |
| ४ | ठेला व्यापार/फलफूल | १५ | ७.९८ |
| ५ | कस्मेटिक पसल | ५ | २.६६ |
| ६ | व्युटि पार्लर | ३ | १.६० |
| ७ | फेन्सी | १५ | ७.९८ |
| ८ | विज भण्डार | ५ | २.५५ |
| ९ | मसला पसल | ३ | १.६० |
|  | जम्मा | १८८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९




**चित्र ६.१ : ऋण लिएर व्यवसायमा लगानी गर्ने उत्तरदाताहरूको अवस्था**

माथिको तालिकाअनुसार अध्ययन गरिएका उत्तरदाताहरूको व्यवसाय विवरण हेर्दा अत्यधिक महिलाहरू जसमध्ये ९७ जना अर्थात ५१.६०% किराना पसलमा लगानी गरेको देखिन्छ । त्यसैगरी २५ जना अर्थात १३.३०% मासुपसल, २० जना अर्थात १०.६४% तरकारी पसल, १५ जना ठेलामा व्यापार/फलफूल अर्थात ७.९८%, ५ जना कस्मेटिक अर्थात २.६६%, ३ जना ब्युटि पार्लर अर्थात १.६०%, १५ जना अर्थात ७.९८% फेन्सी, ५ जना अर्थात २.६६% विजभण्डार र ३ जना अर्थात १.६०% मसला पसलमा लगानी गरेको पाइयो ।

### ६.१.३ व्यवसायबाट फाइदा गर्ने सदस्यहरू

सहकारीका सदस्यहरूले आफूलाई आवश्यक पर्ने ऋण संस्थाबाट लिएपछि आफ्नो ऋणअनुसारको व्यवसाय संचालन गरेको पाइयो । न्यूनतम रु. २५०००।- रु. २०००००।- सम्म ऋण लिने गरेको अनुसन्धानको क्रममा पाइयो । सहकारी संस्थाबाट ऋण लिदा आफ्नो मासिक बचतको आधारमा मात्र संस्थाबाट ऋण लिने व्यवस्था छ । बचतको दोब्बर ऋण लिने व्यवस्था सहकारीको नियमावली पाइयो । ऋण दिँदा सहकारीले विना धितो ऋण दिने गरेको पाइयो । आम्दानी गर्ने उत्तरदाताहरूको विवरण के कस्तो रहेछ भन्ने कुरा थाहा लाग्दछ ।

**तालिम ६.२ : लगानी गरेको ऋणबाट फाइदा गर्ने उत्तरदाताहरू**

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | दैनिक १००-३०० सम्म आम्दानी गर्ने | ७१ | ३३.७७ |
| २ | दैनिक ३००-५०० सम्म आम्दानी गर्ने | ५० | १६.६० |
| ३ | दैनिक ५००-१००० सम्म आम्दानी गर्ने | ५२ | २७.६६ |
| ४ | दैनिक १००० भन्दा माथि आम्दानी गर्ने | १५ | ७.९८ |
| ५ | जम्मा ऋण लगेर आम्दानी गर्न सक्ने | १८८ | १०० |
| ६ | जम्मा ऋण लगेर आम्दानी गर्न नसक्ने | - | - |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

माथिको तालिकाअनुसार संस्थाबाट ऋण लिएर आम्दानी गर्न सक्ने उत्तरदाताहरूको के-कस्तो स्थिति छ भन्ने कुरा प्रष्ट हुन्छ । संस्थाबाट ऋण लिएर आम्दानी गर्न सक्ने उत्तरदाताको सङ्ख्या १८८ जना अर्थात १००% पाइयो भने आम्दानी भएन भन्ने उत्तरदाताहरूको सङ्ख्या शुन्य पाइयो । दैनिक १००-३०० सम्म आम्दानी गर्ने उत्तरदाताहरू ७१ जना अर्थात ३३.७७%, रु. ३००- ५०० सम्म आम्दानी गर्ने उत्तरदाताहरू ५० जना अर्थात १६.६०%, रु. ५००-१००० सम्म आम्दानी गर्ने ५२ जना अर्थात २७.६६% र रु. १००० भन्दा माथि आम्दानी गर्ने उत्तरदाताहरू १५ जना अर्थात ७.९८% पाईयो । अनुसन्धानको क्रममा अधिकांश उत्तरदाताहरूले व्यवसायबाट भएको आम्दानीले बालबच्चा पढाउन, देनिक रूपमा आवश्यक खाद्यान्नको गर्जो टार्ने गरेको भन्ने उत्तर पाईयो ।


### ६.१.४ खर्चको अवस्था

सहकारी संस्थाबाट ऋण लगेर उत्तरदाताहरूले कुन कुन क्षेत्रमा खर्च गर्दा रहेछन्, सोबाट उत्तरदाताहरूले उत्पादक क्षेत्रमा लगानी हुन्छ वा अनुत्पादक क्षेत्रमा बढी लगानी हुन्छ सोबारे थाहा पाउन सकिन्छ ।

**तालिका ६.३: आय आर्जन गरेको रकम विभिन्न क्षेत्रमा खर्च गर्ने उत्तरदाताहरू**

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छोराछोरी पढाउने र घर खर्च टार्ने | १४३ | ७६.०६ |
| २ | घरायसी सुविधा थप्ने | २१ | ११.१७ |
| ३ | मनोरञ्जन गर्ने | ३ | १.६० |
| ४ | तीर्थव्रत गर्ने | ५ | २.६६ |
| ५ | सम्पत्ति जोड्ने | ११ | ५.८५ |
| ६ | अन्य | ५ | २.६६ |
| | जम्मा | १८८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९




**चित्र ६.२: आयआर्जन गरेको रकम विभिन्न क्षेत्रमा खर्च गर्ने उत्तरदाताहरूको संरचना**

माथिको तालिकाबाट उत्तरदाताहरूको आयआर्जन गरेको रकम के के मा खर्च गर्दा रहेछन् भन्ने कुराको तथ्य देखाउँदछ । जसमा १४३ जना अर्थात ७६.०६% ले छोराछोरी पढाउनको साथै घरायसी खर्च टार्नेमा खर्च गरेको पाइयो । त्यसैगरी २१ जना अर्थात ११.१७% ले घरायसी सुविधा थप्नेमा, ३ जना अर्थात १.६०% मनोरञ्जन गर्नेमा, ५ जना अर्थात २.६६% तिर्थव्रत गर्नेमा, ११ जना अर्थात ५.८५% सम्पत्ति जोड्ने र ५ जना अर्थात

२.६६% अन्यमा खर्च गर्ने गरेको पाइयो । साथै माथिको तालिकाको अनुसार अधिकांश महिला सदस्यहरूले छोराछोरी पढाउनमा र घर खर्च टार्नमा खर्च गरेको कुरा पुष्टी गराउँदछ भने घरायसी सुविधा थप्नेमा र सम्पत्ति जोड्नेमा पनि केही सदस्यहरू देखिन्छन् भने मनोरञ्जन गर्ने तर्कमा भने एकदमै कम ३ जना अर्थात १.६०% सदस्य मात्र पाईयो ।

**व्यक्तिगत अध्ययन**

**क) सुनिया सापकोटा**



माता कलावती वाग्लेको कोखबाट २०३८ सालमा स्याङ्जा जिल्ला किचनास गा.वि.स. वडा नं. ४ मा जन्मनु भएकी र स्याङ्जा जिल्ला, जैसिडाँडा निवासी चिरञ्जिवी सापकोटासँग वैवाहिक जीवनमा बाँधिएकी सुनिया सापकोटा यस खैरेनीटार महिला विकास बहुउद्देश्य सहकारी संस्थाकी एक महिला सदस्य हुन् । उनले यस महिला विकास सहकारी संस्थामा आवद्ध भएर यस सहकारी संस्थाबाट ऋण लिई व्यवसाय संचालन गर्दै आएकी छिन् २ वटा सन्तानमा २ वटै छोराकी आमा यिनले यस सहकारी संस्थाबाट लिएको ऋण व्यवसायमा लगानी गरेर यस खैरेनीटार बजारमा फलफुल पसल संचालन गरेर आफ्नो पारिवारिक खर्च टारेकी छन् भने उनले यसै खैरेनीटारमा एउटा घर बनाउन र आफ्नो बसाइसराईलाई स्थायित्व दिन सफल भएकी छिन् । यिनले उक्त व्यवसायबाट आफ्ना २ वटा छोराहरूलाई +२ सम्मको शिक्षा दिनुको साथै घरायसी सम्पूर्ण खर्च चलाउन सफल भएकी एक फलफूल व्यवसायीको रुपमा रहेकी महिला हुन् ।

**ख)		लक्ष्मी तिवारी**

२०३५ सालमा जन्मनु भएकी लक्ष्मी तिवारी तनहुँ जिल्ला भानुमति गा.वि.स. बाट बसाइ सरी तनहुँ जिल्ला खैरेनिटार गा.वि.स स्थित स्याउली बजारमा कष्मेटिकको व्यापार गर्नुहुन्छ । उहाँ पनि खै.म.वि. बहुउद्देश्यीय सहकारी संस्थाको एक सदस्य हुनुहुन्छ । उहाँले उक्त सहकारी संस्थाबाट ऋण लिई व्यापार व्यवसाय संचालन गर्दै आउनु भएको छ । २ छोरा की आमा लक्ष्मीले आफ्नो व्यवसायले छोराहरूलाई पढाउन र आफ्नो दैनिक घरखर्च चलेको बताउनुहुन्छ श्रीमान विदेश जानु भएकोले उहाँको कमाई बचत गर्न सकेकी छु भनी बताउनुहुन्छ । आफ्नो घर परिवार संचालन गर्नमा आफू सक्षम भएको बताउनुहुन्छ यसको लागि सहकारीले राम्रो सहयोग भएको उल्लेख गर्नुहुन्छ ।

# खण्ड ७

# क्षमताअभिवृद्धि, चेतना र सामाजिक स्थितिमा आएको परिवर्तन

यस खैरेनीटार महिला विकास बहुउद्देश्यीय सहकारी संस्थाका महिला सदस्यहरूको क्षमता अभिवृद्धि, चेतना र सामाजिक स्थितिको आएको परिवर्तनहरू निम्न अनुसार छन् ।


## ७.१ तालिम लिने र नलिने उत्तर दाताहरू

संस्थामा आवद्ध भएपछि विभिन्न समसामयिक तालिम गोष्ठीहरूमा सदस्यहरूले भाग लिई आफ्नो क्षमता वृद्धि गर्न मौका प्राप्त गर्दछन् । संस्थामा आवद्ध भएपछि तालिम लिने र  नलिने उत्तरदाताहरूको स्थिति निम्न अनुसारको रहेको छ ।

**तालिका ७.१ : तालिम लिने र नलिने उत्तरदाताहरूको वर्गीकरण**

| क्र.सं. | विवरण | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | तालिम लिने | ८१ | ४३.०८ |
| २ | तालिम नलिने | १०७ | ५६.९२ |
| | जम्मा | १८८ | १०० |

स्रोत : स्थलगत  सर्वेक्षण, २०६९




**चित्र ७.१: तालिम लिने र नलिने उत्तरदाताहरूको संरचना**

माथिको तालिका अनुसार तालिम लिने उत्तरदाताहरू ८१ जना अर्थात ४३.०८ र तालिम नलिने उत्तरदाताहरू १० जना अर्थात ५६.९२ रहेको पाइयो । उक्त तालिमबाट के पुष्टी हुन्छ भने क्षमता अभिवृद्धि र चेतना सम्बन्धी तालिम लिनेको सङ्ख्याभन्दा तालिम नलिनेको सङ्ख्या अत्यधिक देखिन्छ । उत्तरदाताहरूको भनाईअनुसार सङ्ख्याले तालिममा बोलाए पनि आफ्नो कार्य व्यस्तताको कारणले तालिममा समावेश हुन नसकिएको कुरा अनुसन्धानको क्रममा बताएको पाइन्छ । उक्त तालिमबाट के थाहा लाग्छ भने ठूलो सङ्ख्यामा रहेका उत्तरदाताहरूले आफ्नो क्षमता, स्तर, चेतना मुलक तालिम लिनुपर्ने आवश्यकताको पुष्टी गर्दछ ।

## ७.२ विभिन्न तालिम लिने सदस्यहरू

संस्थाले आफ्नै पहलमा र अन्य संघ संस्थासँग समन्वय गरी सदस्यहरूलाई समय समयमा विभिन्न तालिमहरूको आयोजना गरी तालिम दिने गरेको उत्तरदाताहरूबाट थाहा पाइयो । संस्थामा प्रवेश गरेपछि कस्तो कस्तो तालिम लिनु भयो भनि सोधिएको जवाफममा उत्तरदाताहरूले निम्न अनुसारको जवाफ दिएको पाइयो ।

**तालिका ७.२ : विभिन्न तालिम लिने सदस्यहरू बनावट** (बहु उत्तरदाताहरू)

| क्र.सं. | विवरण | जम्मा |
|---|---|---|
| १ | सहकारी शिक्षा र लेखा | ६५ |
| २ | कम्पोष्ट मल बनाउने | ७१ |
| ३ | कृषि तथा पशुपालन | ४२ |
| ४ | एच.आइ.भि र एड्स | ५३ |
| ५ | महिला हिंसा | ७१ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

माथिको तालिकाअनुसार संस्थामा आवद्ध भएपछि सदस्यहरूले विभिन्न प्रकारको तालिमहरू लिएको पाइयो । सहकारी शिक्षा र लेखा सम्बन्धी तालिम पाउने उत्तरदाताहरू ६५ जना, कम्पोष्ट मल बनाउने ७१ जना, कृषि तथा पशुपालन सम्बन्धी ४२ जना, एच.आई.भी. एडस सम्बन्धी ५३ जना र महिला हिंसा सम्बन्धी ८१ जना महिला सदस्यहरूले तालिम लिएको पाइयो ।

### ७.३ तालिमको उपयोग

विभिन्न संघ संस्थाले विभिन्न किसिमका तालिमहरू संचालन गरिरहेका हुन्छन् र ती तालिमहरू उपयोगी पनि हुन्छन् । सो सम्बन्धमा यस संस्थाले दिएका तालिमहरू कतिको उपयोगी छन् भनि सोधिएको प्रश्नमा उत्तरदाताहरूले निम्न बमोजिमको उत्तर दिएका थिए ।

**तालिका ७.३ : तालिमको उपयोग सम्बन्धमा उत्तरदाताहरूको भनाईको वर्गीकरण**

| क्र.सं. | विवरण | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | तालिम उपयोगी छ | १८८ | १०० |
| २ | तालिम उपयोगी छैन | – | – |
| | जम्मा | १८८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

माथिको तालिका अनुसार तालिमको उपयोगिताको सम्बन्धमा सोधिएका प्रश्नको उत्तरमा १८८ जना अर्थात १००% महिला उत्तरदाताको भनाईअनुसार तालिम उपयोगी छैन भन्ने उत्तरदाताहरू एउटा पनि पाईएन । पुरै उत्तरदाताहरूले तालिम उपयोगी नै भएको जानकारी गराएको पाइन्छ । आउँदाको दिनमा अवसर पाएमा फुर्सद मिलाएर तालिम लिने इच्छा व्यक्त गर्दछन् ।

### ७.४ अन्य तालिमको आवश्यकता

संस्थाले आवश्यकता महसुस गरिदिने तालिम बाहेक अन्य कस्ता कस्ता तालिमको आवश्यकता महसुस गर्नुहुन्छ भनि सोधेको प्रश्नमा उत्तरदाताहरूबाट निम्न प्रकारको जवाफ पाइयो ।

**तालिका ७.४ : अन्य तालिमको आवश्यकता सम्बन्धमा उत्तरदाताहरूको मागको अवस्था** (बहु-उत्तरदाताहरू)

| क्र.सं. | विवरण | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | आयमुलक एवं सिपमुलक | ११५ | ६१.१७ |
| २ | नेतृत्व विकास एवं जिवन उपयोगी सीप | ७३ | ३८.८३ |
| ३ | ज्ञानमुलक | ३४ | ३२.०८ |
| ४ | व्यवसाय छनौट र बजार व्यवस्था | ५५ | २९.२६ |
| ५ | व्यवसाय प्रवर्द्धन | ७९ | ४२.०२ |
| ६ | स्वास्थ्य सम्बन्धी | १०६ | ५६.३८ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

माथिको तालिका अनुसार उत्तरदाताहरूले विभिन्न तालिमहरू पाईरहे पनि आयमुलक, सिपमुलक, नेतृत्व विकास, ज्ञानमुलक, व्यवसाय छनौट र बजार व्यवस्था, व्यवसाय प्रवर्दन र स्वास्थ्य सम्बन्धी तालिमको आवश्यकता महशुस भएको कुरा माथि तालिकाले प्रष्ट पारेको छ । साथै उक्त तालिकाबाट के देखिन्छ भने यस सहकारी संस्थाले आफ्ना वार्षिक रूपमा दिइने तालिमका अतिरिक्त माथि उल्लेखित तालिमहरूको आवश्यकतालाई ध्यान पुऱ्याउँदै तालिम संचालन गर्नुपर्ने देखिन्छ ।

## ७.५ थप अपेक्षा

यस संस्थाबाट बचत तथा ऋण एवं तालिमहरू उपलब्ध भए बाहेक अन्य अपेक्षाहरू के लिनु भएको छ भनि सोधिएको जवाफमा उत्तरदाताहरूको निम्न प्रकारको जवाफ पाइयो ।

**तालिका ७.५ : थप अपेक्षा सम्बन्धमा उत्तरदाताहरूको रायको वर्गीकरण**

| क्र.सं. | विवरण | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | आयमुलक सीपमुलक तालिम | २५ | १३.३० |
| २ | ऋणको व्याज कम हुने | १०६ | ५६.३८ |
| ३ | अवलोकन भ्रमण गराउने | १५ | ८.०० |
| ४ | ऋण तिर्ने समय बढाउने | ४२ | २२.३२ |
| | जम्मा | १८८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

माथिको तालिका अनुसार उत्तरदाताहरूले यस सहकारी संस्थाबाट थप अन्य अपेक्षाहरू लिएको पाइयो । जसअनुसार आयमुलक, सीपमुलक तालिम संचालन गरोस् भन्ने उत्तरदाताहरूको सङ्ख्या २५ जना अर्थात १३.३०% ऋणको व्याजदर कम हुनुपर्ने मा १०६ जना अर्थात ५६.३८%, अवलोकन भ्रमण गराउनुपर्ने २५ जना अर्थात ८% र ऋण तिर्ने समय बढाउनेमा ४२ जना अर्थात २२.३२% रहेको पाइयो । माथिको तालिकाबाट के थाहा लाग्छ भने ऋणको व्याजदर घटाउनुपर्नेमा धेरै उत्तरदाताहरूको चाहना भएको थाहा लाग्छ साथै एक वर्षमा जसरी भएपनि ऋणको भुक्तानी गर्नुपर्ने सहकारी संस्थाको नियम भएकोले कतिपय सदस्यहरूको ऋण तिर्ने समयाअवधि बढाउनुपर्नेमा पनि आशावादी रहेको पाइयो ।

अन्य अपेक्षाहरू केही छ की भनि सोध्दा यि भन्दा बाहेक अन्य अपेक्षा केही पनि छैन जे छ सोही ठिकै छ भन्ने उत्तर पाइयो ।

## ७.६ सहकारी संस्थालाई प्रभावकारी बनाउने उपाय बारेको दृष्टिकोण

यस संस्थालाई अझ थप प्रभावकारी रूपले संचालन गर्न तपाईहरूको के सुझाव छ भनि सोधिएको प्रश्नको उत्तरमा उत्तरदाताहरूको जवाफ निम्नअनुसारको पाइयो ।

**तालिका ७.६ : सहकारीलाई प्रभावकारी बनाउन थप सुझाव दिने उत्तरदाताहरूको वर्गीकरण**

| क्र.सं. | विवरण | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | आत्म निर्भर बन्ने वातावरण | ५२ | २७.६६ |
| २ | अन्य संस्थासँग मिलेर तालिम चलाउने | १५ | ८.०० |
| ३ | दलित तथा जनजातिलाई प्रोत्साहन गर्ने | ५२ | २७.६६ |
| ४ | सदस्य थप गर्नुपर्ने | १०३ | ५४.७९ |
| ५ | कार्य समितिले नयाँ सोच बनाउनुपर्ने | ७२ | ३८.३० |
| ६ | भइरहेको व्याजदर घटाएर १३% बनाउनुपर्ने | १८३ | ९७.३४ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

नोट : बहुउत्तर आएकोले सङ्ख्या बढी देखिएको छ ।

माथिको तालिका अनुसार यस संस्थाले आफ्ना सदस्यहरूलाई आत्मनिर्भर बन्ने वातावरण बनाओस् भन्ने उत्तरदाताहरूको सङ्ख्या ५२ अर्थात २७.६६%, आफूले मात्र नसके अन्य संस्थासँग मिलेर तालिम चलाउनुपर्ने भन्ने उत्तरदाताहरूको सङ्ख्या १५ जना अर्थात ८%, दलित तथा जनजातिलाई प्रोत्साहन गर्ने ५२ जना अर्थात २७.६६%, सदस्य सङ्ख्या अझै बढाउनुपर्ने भन्ने उत्तरदाताहरूमा १०३ जना अर्थात ५४.७९%, कार्य समितिका सदस्यहरूले नयाँ सोच विचार लिएर नयाँ आधुनिक ढंगबाट संस्थालाई चलाउनुपर्ने भन्ने उत्तरदाताहरूमा ७२ जना अर्थात ३८.३० र अहिले भैइरहेका व्याजदर १५% लाई घटाएर १३% मा झार्नु पर्दछ भन्ने उत्तरदाताहरूको सङ्ख्या १८३ जना अर्थात ९७.३४% रहेको पाइयो । यसबाट के थाहा लाग्छ भने अधिकांश सबै ऋण लिने सदस्यहरूले व्याजदरलाई कम गर्नुपर्ने र घटाउनुपर्ने कुरा गरेको देखिन्छ ।


## ७.७ आयआर्जन भएको रकमको शैक्षिक उपयोग

सहकारी संस्थाबाट ऋण लिइ व्यवसाय संचालन गर्दै आएका सदस्यहरूले आफ्नो आम्दानीको नाफाको आधारमा निम्न अनुसारको विद्यालयमा पढाएको पाइयो ।

**तालिका ७.७: छोराछोरीलाई विद्यालयमा पढाउने उत्तरदाताहरूको संरचना**

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सरहकारी विद्यालय | ३७ | १९.६८ |
| २ | नीजि विद्यालय | १०१ | ५३.७२ |
| ३ | नीजि तथा सरकारी | ५० | २६.६० |
| | **जम्मा** | **१८८** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९




**चित्र ७.२ : आयआर्जन भएको रकमबाट छोराछोरीलाई विद्यालयमा पढाउने उत्तरदाताहरूको संरचना**

माथिको तालिका अनुसार आफ्ना बालबच्चाहरूलाई सरकारी विद्यालयमा पढाउनेको सङ्ख्या ३७, नीजि विद्यालयमा पढाउनेको सङ्ख्या १०१ र नीजि तथा सरकारी दुवैमा पढाउनेको सङ्ख्या ५० रहेको पाइयो । यस तालिकाबाट के थाहा लाग्छ भने नीजि विद्यालयमा छोराछोरीलाई पढाउनेको सङ्ख्या धेरै देखिनुमा छोराछोरीलाई राम्रो शिक्षा दिनुपर्छ भन्ने विचारको विकास भएको थाहा लाग्छ ।

## ७.८ सदस्यहरूले सामाजिक क्षेत्रहरूमा गरेको योगदान

सहकारी संस्थामा आवद्ध भएपछि सहभागी महिला सदस्यहरूबाट विभिन्न क्षेत्रका सामाजिक संघ संस्थाहरूमा आर्थिक सहयोग गरेको पाइयो । सहयोग गरेका संस्थाहरू निम्नअनुसार रहेका छन् ।

**तालिका ७.८: सहकारी संस्थाका सदस्यहरूले सहयोग तथा अनुदान गरेका क्षेत्रहरू**

| क्र.सं. | विवरण |
|---|---|
| १ | स्वास्थ्य क्षेत्र/अस्पताल निर्माण |
| २ | विद्यालय तथा शैक्षिक संस्था |
| ३ | मठ मन्दिर तथा धर्मशाला |
| ४ | बाटो निर्माण |
| ५ | वृद्धाश्रम |
| ६ | एम्बुलेन्स सेवा |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

माथिको तालिकाअनुसार सहकारीका महिला सदस्यहरूले स्वास्थ्यका क्षेत्रमा, शैक्षिक संस्थामा, मठमन्दिर तथा धर्मशाला, वृद्ध आश्रम, एम्बुलेन्स सेवा, साथै बाटो निर्माण आदिका सामाजिक क्षेत्रका कार्यहरूमा समेत सहयोग गरेको देखिन्छ । यसबाट के थाहा लाग्छ भने आर्थिक क्षेत्रका साथै सामाीजक क्षेत्रमा पनि महिलाहरूको उल्लेख भूमिका रहेको देखिन्छ ।


## ७.९ पारिवारिक निर्णयको स्थिति

तपाईको घरको काममा अन्तिम निर्णय कसले लिन्छ भनि सोधिएको प्रश्नको जवाफमा निम्नअनुसारको उत्तर पाइयो

**तालिका ७.९: पारिवारिक निर्णयमा संलग्न उत्तरदाताहरूको विवरण**

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | श्रीमानले | ३१ | १६.४८ |
| २ | सासुससुराले | २७ | १४.३६ |
| ३ | आफैले | ७५ | ३९.९० |
| ४ | आपसी सल्लाहले | ५५ | २९.२६ |
| | जम्मा | १८८ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९




**चित्र ७.३: पारिवारिक निर्णयमा संलग्न उत्तरदाताहरूको संरचना**

माथिको तालिकाअनुसार पारिवारिक निर्णयमा अन्तिम निर्णय श्रीमान्ले गर्नुहुन्छ भन्नेमा ३१ जना अर्थात १६.४८%, सासुससुराले गर्नुहुन्छ भन्नेमा २७ जना अर्थात १४.३६%, आफैले निर्णय लिन्छु भन्नेमा ७५ जना अर्थात ३९.९०% र आपसी सल्लाहबाट निर्णय लिइन्छ भन्नेमा ५५ जना अर्थात २९.२६% रहेको पाइयो । यसबाट के थाहा लाग्छ भने पारिवारिक निर्णयमा स्वयं आफैले गर्छु भन्नेको सङ्ख्या सबैभन्दा धेरै र आपसी समझदारीमा गरिन्छ भन्ने दोस्रो अवस्था देखिएकोले निर्णायक भूमिकामा महिलाहरूको बाहुल्यता रहनुले पनि महिला सशक्तिकरण भएको तथ्य थाहा लाग्दछ ।

**व्यक्तिगत अध्ययन**

**क)　सुनिता गिरी**

२०४२ सालमा कास्की जिल्ला सल्यान गा.वि.स. मा जन्मनु भएकी र खैरेनीटार गा.वि.स वडा नं. ७ निवासी खिमलाल गिरीसँग वैवाहिक जिवनमा बाँधिनु भएको सुनिता गिरी यस खैरेनीटार महिला विकास बहुउद्देश्य सहकारी संस्थाकी एक सदस्य हुनुहुन्छ । उहाँले यस सहकारी संस्थाबाट ऋण लिई मसला पसल व्यवसाय संचालन गर्नुभएको छ । र उहाँ एक छोरा र एक छोरी सहित ४ जनाको परिवार साथै सासु र ससुरा गरी जममा ६ जनाको परिवार यसै व्यवसायबाट धान्दै आउनुभएको छ । साथै श्रीमान खिमलाल गिरीले घरमै कुखुरा पालन गरी यसबाट पनि धेरै थोरै आम्दानी गरी आफ्नो घरायसी घर खर्च साथै छोराछोरीलाई बोर्डिङ्ग स्कुलमा पढाउनको साथै सहकारी संस्थामा मासिक रुपमा बचत गर्दै आउनु भएको छ र सहकारीको माध्यमबाट थुप्रै महिलाहरूको क्षमता, चेतनाको विकासको साथै आर्थिक रुपमा पनि आफूलाई मजबुद बनाउँदै लान सक्षम भएको कुरामा उहाँले जोड दिनु हुन्छ ।

**व्यक्तिगत अध्ययन**

**ख)　डिलीमाया वि.क.**

वर्ष ५० को डिलीमाया वि.क. यस खैरेनीटार महिला विकास उद्देश्य सहकारी संस्थाको एक महिला सदस्य हुनुहुन्छ । उहाँ यस सहकारी संस्थाको स्थापना कालदेखि नै महिला सदस्य रहँदै आउनुभएको छ । हाल उहाँले खैरेनीटार ९ मा किराना पसलको व्यवसाय संचालन गर्दै आउनुभएको छ । यस महिला विकास बहुउद्देश्य सहकारी संस्थाबाट रु. ५०,००० पचास हजार रुपैया ऋण लिई आफ्नै घरमा व्यापार गर्दै आउनु भएको छ । साधारण लेखपढ (साक्षर) गरेकी १ छोरा र एक छोरी कि आमा उहाँले यस व्यवसायबाट अन्य केही सम्पत्ति जोड्न नसकेपनि सामान्य रुपमा आफ्नो घरायसि खर्च यसै व्यवसायबाट टर्ने गरेकोले यस सहकारी संस्थाले मजस्ता धेरै महिलाहरूलाई सक्षम बनाउन राम्रो सहयोग भएको कुरा बताउनुहुन्छ ।

# खण्ड ८

# सांराश, निष्कर्ष र सुझावहरू

## ८.१ सारांश

सहकारी कार्यक्रम समुदायका आफ्नै हैसियतका मानिसहरू संगठीत भई व्यवसाय सञ्चालन गरी सदस्यको हितका लागि स्थापना गरी अरुको शोषणबाट मुक्ति पाउने एक माध्यम हो । सहकारी भनेको त्यस्ता मानिसहरूको संगठन हो जुन स्वेच्छिक रूपमा एकजुट भै आफ्ना समान आर्थिक, सामाजिक लगायतका उद्देश्य परिपूर्ति गर्नको लागि संगठीत भएका हुन्छन् ।

मानवको सिकारी अवस्थादेखि सामाजिक, आर्थिक, धार्मिक र राजनैतिक विकासको अवस्थामा पुग्नका लागि सामुहिक सोचाइ, सामुहिक रूपमा गराई र सामुहिक रूपमा बसाइले ठूलो भूमिका निर्वाह गरेको हुन्छ । एक जना व्यक्तिको प्रयासले मात्र हाम्रा समस्याहरू समाधान हुन सक्दैनन् । समस्या समाधानका लागि विभिन्न व्यक्तिहरूको सामुहिक सोचाई, प्रयास, सहयोग र सहकार्य आवश्यक पर्दछ । त्यसैले सामुहिक हितका लागि सँगै बस्ने, सँगै विचार गर्ने र सँगै काम गर्ने पद्धतिलाई सामान्य अर्थमा सहकारिता भनिन्छ ।

गरिब महिलाहरूको बाहुल्य रहेको आजको स्थितिमा सहकारी कार्यक्रमको विकास तथा विस्तार गरी उनीहरूलाई त्यसमा सहभागी गराई सहकारी व्यवसायका माध्यमबाट उनीहरूलाई सशक्त बनाउनु अति आवश्यक भएको छ । सहकारिता सामुहिक दायित्व र उपभोगयमा विश्वास राख्दछ । समाज भित्र छरिएर रहेका सिमित श्रम, स्रोत, साधन र पुजीँलाई एकत्रित गरी सामूहिक सहभागीताबाट समस्या समाधान गर्न र लक्षित उद्देश्य हासिल गर्ने कार्य सहकारिता हो । महिलाहरूको सक्रिय र प्रत्यक्ष सहभागिता विना सहकारी कार्यक्रमले सफलता पाउन सक्दैन । सहकारी कार्यक्रम पूर्णत प्रजातान्त्रिक मुल्य, मान्यता र प्रकृयामा निर्भर रहने भएको हुँदा यसमा सदस्यहरू स्वेच्छाले आफ्नो उन्नति र विकासमा संगठीत भई लाग्दछन् । समाजमा स-साना रूपमा छरिएर रहेका श्रम, स्रोत, साधन र पूँजीलाई एकत्रित गरी सामूहिक प्रयास र सहभागिताबाट आफ्नो उन्नति गर्न सहकारी एक प्रवल माध्यम बनेको छ । छरिएर रहेका स-साना पूँजी, सिप र साधनलाई संगठीत तुल्याई

महिलाको सहभागितामा प्रजातान्त्रिक निर्णयबाट त्यसको परिचालन गरी विभिन्न व्यवसाय वा उद्योगधन्दाको सञ्चलनद्धारा समुदायमा रोजगारीको अभिवृद्धि गर्ने र त्यस्ता उद्योग व्यवसायमा नीति र योजनादेखि नेतृत्व तहसम्म सदस्यहरूलाई सहभागी बनाई उनीहरूको आर्थिक तथा सामाजिक विकास गर्न सहकारीले सघाउ पुऱ्याउने हुँदा सहकारी महिलाहरूको लागि कोशे ढुङ्ग हुन सक्छ ।

यस अध्ययनको मुख्य उद्देश्य सहकारीले पारेको सामाजिक तथा आर्थिक प्रभावको विश्लेषण गर्ने भएकोले कार्यक्रम मार्फत संचालन हुने आर्थिक, सामाजिक, गतिविधिहरू के कस्तो जनसांख्यिक अवस्थितिमा संचालन गरिएका छन्? सबै जातजाति वर्गको सहभागीता कस्तो छ आदि बारे जानकारी हुन आवश्यक छ । उदाहरणको रूपमा कुनै वस्ती एवं स्थानमा १४ वर्ष भन्दा मुनि र ६० वर्षभन्दा माथिको उमेर समुहका व्यक्तिहरू छन् भने त्यस्तो ठाउँमा आयआर्जनका क्रियाकलाप संचालन गर्न सकिदैन । जातिय, धार्मिक एवं सांस्कृतिक कारणले पनि व्यक्तिको जिविकोपार्जनका क्रियाकलापमा फरक प्रभाव पारिरहेको हुनसक्छ ।

## ८.२ अध्ययनबाट देखिएका महत्वपूर्ण तथ्यहरू

अध्ययनबाट विभिन्न किसिमका तथ्यहरू प्राप्त भएका थिए । त्यस मध्येमा प्राप्त भएका महत्वपूर्ण तथ्यलाई तल उल्लेख गरिएको छ ।

- जातिय आधारमा सहकारीमा संलग्न महिला सदस्यहरूमा ब्राह्मण महिला सदस्यको सङ्ख्या धेरै भएको पाइयो भने नेवारहरूको दोस्रो, दलितको तेस्रो, गुरुङ्गको चौथो, क्षेत्री र मगर पाँचौमा र ठकुरीको संलग्नता छैंटौं अवस्थामा रहेको पाइयो । जे जति सङ्ख्यामा भए पनि सहकारीमा सबै जात-जातिको संलग्नता रहेको कुरा पुष्टी हुन्छ ।
- धर्मको आधारमा हिन्दु धर्मालम्बीहरूको सङ्ख्या १६७ जना अर्थात ८८.८०% रहेको पाइयो । अर्थात अधिकांश उत्तरदाताहरू हिन्दु धर्मावलम्बी भएको तथ्य थाहा लाग्छ ।
- शैक्षिक स्थितिका आधारमा उत्तरदाताहरूको अवस्था हेर्दा निरक्षर १५ जना अर्थात ८%, साक्षर ८१ जना अर्थात ४३.०६%, एस.एल.सी. सम्मको ६ट जना अर्थात ३५.११% र उच्च शिक्षा सम्मको २६ जना अर्थात १३.८३% रहेको पाइयो । समग्रमा लेख्न पढ्न सक्नेको सङ्ख्या धेरै भएको थाहा लाग्छ ।

- संस्थाबाट ऋण लगेर व्यवसाय संचालन गरेका सबै उत्तरदाताहरूको भनाई अनुसार सत प्रतिशत महिला उत्तरदाताहरूले व्यवसायबाट आम्दानी भएको बताइएको पाइयो ।
- सहकारीमा लागेर सोचेजस्तो फाइदा भयो भन्ने उत्तरदाताहरूमा १८४ जना अर्थात ९७.८७% र सोचेजस्तो फाइदा भएन भन्ने उत्तरदाताहरूमा जम्मा ४ जना अर्थात २.१३% पाइयो । यसबाट के स्पष्ट हुन्छ भने सहकारीमा लागेर अधिकांश महिला सदस्यहरूले आफूले सोचे जस्तो फाइदा पाएको देखिन्छ ।
- सहकारीमा लागेपछि आफ्नो व्यवसाय प्रवर्द्धन गर्न सिप सिक्ने उत्तर दाताहरू १०६ जना अर्थात ५६.३८% र सिप सिक्ने उत्तरदाताहरू ८२ जना अर्थात ४३.६२% रहेको पाइयो ।
- सहकारी संस्थामा लागेर राम्रो गरे भन्ने उत्तरदाताहरू १००% रहेको पाइयो ।
- आयआर्जनको भएको रकमबाट छोराछोरीलाई पढाउने सिलसिलामा सरकारी विद्यालयमा पढाउनेको सङ्ख्या ३७, नीजि विद्यालयमा पढाउनेको सङ्ख्या १०१ र नीजि तथा सरकारी विद्यालयमा पढाउनेको सङ्ख्या ५० रहेको पाइयो ।
- सहकारी संस्थाका सदस्यहरूले स्वास्थ्यको क्षेत्रमा, शैक्षिक क्षेत्रमा मठमन्दिर धर्मशाला, वृद्ध आश्रम र बाटोमा सहयोग तथा अनुदान दिई सामाजिक क्षेत्रका संघसंस्थामा आफूहरूको प्रभाव पार्न सफल भएका छन् ।
- घरको पारिवारिक निर्णयमा अन्तिम निर्णयको सम्बन्धमा श्रीमान्ले गर्नुहुन्छ भन्नेमा ३१ जना अर्थात १६.४८%, सासुससुराले गर्नुहुन्छ भन्नेमा २७ जना अर्थात १४.३६% र आफैले निर्णय लिन्छु भन्नेमा ७५ जना अर्थात ३९.९०% र आपसी सल्लाहबाट भन्नेमा ५५ जना अर्थात २९.२६% रहेको पाइयो ।

## ८.३ निष्कर्ष

यस अध्ययनले खैरेनीटार महिला विकास बहुउद्देश्य सहकारी संस्थामा संलग्न महिलाहरूको सामाजिक  र आर्थिक जिवनमा पारेको प्रभावको बारेमा विश्लेषण गरेको छ । समाज तथा राष्ट्रको विकासमा महिला तथा पुरुषलाई समान गतिमा लैजानुपर्ने स्थिति देखिएको छ । त्यसैले हाम्रो पितृसत्तात्मक सोच भएको समाजमा महिलाहरूलाई पनि आर्थिक रूपले सवल र सक्षम बनाउन सकेमा मात्र उनीहरूको स्तर माथि उठाउन सकिन्छ । त्यसैले महिलाहरूलाई जुनसुकै आयमुलक कार्यमा सहभागी बनाएर आर्थिक क्षेत्रको

विकासमा टेवा पुग्न सक्ने । स्वस्फूर्त रूपमा खोलिएका यस्ता सहकारी संस्थाहरूको विकास गर्नको लागि सहयोग पुऱ्याउनुपर्ने देखिन्छ । यस्ता कार्य गर्न सकेमा महिलाहरूको आर्थिक र सामाजिक विकासमा सहयोग पुग्न सक्छ ।

यस खैरेनीटार महिला विकास बहुउद्देश्यीय सहकारी संस्थामा आवद्ध महिला सदस्यहरूमा पनि सहकारीले सहभागी महिलाहरूको क्षमता, अभिवृद्धि, आर्थिक, सामाजिक अवस्थामा व्यापक परिवर्तन ल्याएको छ । पहिले २-४ जना व्यक्तिहरूको अगाडि उभिएर बोल्ने नसक्ने महिलाहरू अहिले निर्धक्क रूपमा आफ्नो-आफ्नो कुराहरू राख्न सक्न, सरसफाइ सम्बन्धी ज्ञान बढ्नु, छोराछोरीलाई उचित खालको शिक्षा दिनुपर्छ भन्ने भावनाको विकास हुनु, सामाजिक क्षेत्रका संघसंस्थामा लगानी गर्नु र सहकारीबाट ऋण लिई गरेको व्यवसायबाट घर खर्च टार्नुको साथै आफ्नो खातामा रकम जम्मा गर्नुले पनि सदस्यहरूको क्षमता, अभिवृद्धि, चेतना र सामाजिक, आर्थिक जिवनमा व्यापक परिवर्तन भएको पाइयो । अर्थात महिला सशक्तिकरण भएको पाइयो ।

## ८.४ सुझावहरू

- तालिम संचालन गर्ने विभिन्न संघ संस्थाहरूसँग समन्वय गरी तालिम कार्यक्रमहरू संचालन गर्नुपर्छ ।
- महिला सहकारीलाई राज्यले विशेष रूपमा सहकारीको दिगो विकासको लागि विभिन्न किसिमका तालिम प्याकेज कार्यक्रमहरू ल्याउनुपर्छ ।
- महिलाहरूको सहकारीमा संलग्नता बढ्नाले एकातिर महिलाहरू आत्मनिर्भर तथा स्वावलम्बी बन्नुका साथै व्यवसाय उन्मुख हुने भएकोले यस कार्यलाई राज्य तथा समाजले राम्रो दृष्टिकोणले हेर्नुपर्दछ ।

# सन्दर्भ ग्रन्थ


उप्रेति, लय प्रसाद (१९८८), ***विमन एण्ड क्रेडिट इन नेपाल:*** केही उपलब्धी तथा सिमाहरूको अवलोकन, महिला र विकास केन्द्र काठमाडौं ।

एलेन, मिचेल एण्ड मुखर एस.एन. (१९८९), ***विमन इन इन्डीया एण्ड नेपाल,*** अष्ट्रेलियन युनिर्सिटी मोनोग्राफ अन साउथ एशिया नम्बर आठ ।

एट उड, डि डब्लु भविष्कार, वि.एस. (१९९३), ***हु सेयर्स?***अक्सफोर्ड युनिभर्सिटी प्रेस बम्बै, कलकत्ता, मद्रास ।

एच.एम. जी डिपार्टमेन्ट अफ कोअपरेटिभ (२०६३) ***जेण्डर इकवालिटी इन को-अपरेटिभ।***

केन्द्रीय तथ्यांक विभाग (२०६९), ***राष्ट्रिय जनगणना।***

क्यानेडियन काउन्सिल फर इन्टरनेशनल कोअपरेशन (१९९१), ***टु हाल्भस मेक अ होल ।***

केन्द्रिय सहकारी प्रशिक्षण केन्द्र (२०५९),***अध्ययन माला***(१-१२०) अंक ।

कोइराला, रोसनी (सन् २००५) - ***वर्क लोड स्टडी अफ इम्प्लोइड वुमन विडिन पोखरा सब मेट्रो पोलिस:***अप्रकाशित शोधपत्र, एम.एड., पोखरा विश्वविद्यालय जनसङ्ख्या, जेण्डर र विकास विभागमा पेश गरिएको, पोखरा नेपाल ।

खैरेनीटार गा.वि.स. को पारर्श्व चित्र (२०६८) ।

गुरुङ्ग, सन्तोष कुमार (सन् २००७), ***सोसियो इकोनोमिक स्ट्याटस अफ वुमन फार्मर*** (अ सोसिओजिक स्टडी अफ भदौरे तामागी भि.डी.सी कास्की): अप्रकाशित शोधपत्र एम.ए. पृथ्वीनारायण क्याम्पस समाजशास्त्र/मानवशास्त्र विभागमा पेश गरिएको, पोखरा नेपाल ।

ढकाल मिरा (सन् २००७), ***एजुकेटेड वुमन इन गभरमेन्ट इम्प्लोइमेन्ट*** (अ केस स्टडी अफ पोखरा सव मेट्रो पोलिस एण्ड कास्की डिस्ट्रिक्ट डेपलपमेन्ट कमिटि अफिस) अप्रकाशित शोधपत्र एम.ए. पृथ्वीनारायण क्याम्पस समाजशास्त्र/मानवशास्त्र विभागमा पेश गरिएको, पोखरा नेपाल ।

थापा, सावित्री (२०६२), राष्ट्रिय सहकारी संघ, वार्षिक प्रतिवेदन ।

नेपाल सरकार (२०५५), नवौं राष्ट्रिय योजना (२०५४-२०५९), ***राष्ट्रिय योजना आयोग,***नेपाल ।

नेपाल सरकार (२०५९), दशौं राष्ट्रिय योजना (२०५९-२०६४), ***राष्ट्रिय योजना आयोग,*** नेपाल ।

पिया, रसिया (२०६४),***सोसियो इकोनोमिक स्ट्याटस अफ एजुकेटेड इम्प्लोइड वुमन,***वन्दिपुर भिलेज डेभलपमेन्ट कमिटी तनहुँ:अप्रकाशित शोधपत्र एम.ए. पृथ्वीनारायण क्याम्पस समाजशास्त्र/मानवशास्त्र विभागमा पेश गरिएको, पोखरा नेपाल ।

पौडेल, नारदमणी (२०५६),सहकारी सम्वाद, राष्ट्रिय सहकारी विकास वोर्ड, पुल्चोक ललितपुर ।

पोखेल, शान्त (१९८२), ***नेपलीज विमन,*** पोखेल रिन्दीचन्द्र एच.एफ.जी., काठमाडौं फर एडभान्स स्टडीज (नेपाल)

पोखेल, डी.आर (२०६४), जेष्ठ ३०, आदर्श समाज राष्ट्रिय दैनिक।

बुलक, सुसन (१९८४) ***विमन एण्ड वर्क,*** जेड वुक्स लिमिटेड लन्डन एण्ड न्यू जेरी यु.एस.ए. ।

वेनेत, लिन (१९८३), ***डेन्जरस वाइभ एण्ड स्कार्ड सिस्टर,*** कोलोम्बिया युनिभर्सिटी, न्यूयोर्क

बेन्जार्ग, हेन्ज र दाहाल देवेन्द्र (२०५४), ***विकास अध्ययन,*** नेपाल फाउन्डेसन फर एडभान्स स्टडिज फ्रेडरिक एवर्ट स्टिफटुङ्ग -नेफास

बास्कोटा, दिपक प्रकाश (२०६२), सहकारी सन्देश,राष्ट्रिय सहकारी संघ ।

बडाल, केशव,***सहकारी सिद्धान्त र प्रयोग,***प्रकाशन समुह राष्ट्रिय ।

भासिन, कमला (१९९३), ***आखिर जेण्डर के हो त?,*** स्त्री शक्ति, काठमाडौं ।

भासिन कमला (१९९३), ***हावाट इज प्याट्रयार्ची?,***कली फर विमन ।

मोजर ओ एन. क्यारोलिन (१९८९), ***वर्ल्ड डेभलपमेन्ट,*** भोलुम १७ नम्बर, ११ पि.पी. १७९९-१८२५ ।

रेग्मी, केशव प्रसाद (२०५९), ***सहकारी सम्वाद,*** त्रैमासिक प्रतिवेदन ।

राष्ट्रिय सहकारी बोर्ड, ***सहकारी ऐन,*** २०४८ ।

लघु कर्जा: विपन्नलाई उर्जा (२०५९), ***रुरल माइक्रो फाइनान्स डेभलपमेन्ट सेन्टर लि.***(आर एम.डि.सी) काठमाडौं ।

शर्मा, उषा (२००३),***विमन इन साउथ एसिया इम्प्लोइमेन्ट इम्पावरमेन्ट एण्ड हुमन डेभलपमेन्ट***(आइ.एस.वि.एन. -८१-७२७३-११७-५ । अशन प्रेस फष्ट प्रिन्टेड ।

शर्मा सिर्जना, कान्तिपुर पब्लिकेशन राष्ट्रिय दैनिक वर्ष १५ अंक १०१, २०६४ जेठ १६ ।

सिडा, (१९९७), एटलास अफ नेपाल टि.यु.

सहकारी एक झलक २०६८, डिभिजन सहकारी कार्यालय दमौली, तनहुँ ।

हुमागाँइ मुकुल, नेपाल कान्तिपुर पब्लिकेशन प्रा.लि २०६३ फागुन २७।

श्रेष्ठ आनन्द प्रसाद, दाहाल शिवराज (१९९०), ***समकालीन नेपाली समाज,*** नेपाल ।

श्रेष्ठ , प्रकाश (२००५), ***इम्प्याक्ट अफ माइक्रो फाइनान्स सर्भिसेज अन पोभर्टि रिडक्सन इन नेपाल,*** साप नेपाल ।

# अनुसूची १

## खैरेनीटार महिला विकास बुहउद्देश्य सहकारीमा आवद्ध महिलासँगको अन्तर्वार्ता:

| क्र.सं. | प्रश्नहरू | उत्तर | अर्कोमा जाने |
|---|---|---|---|
| १. | नाम/थर | ............................................. | |
| २. | उमेर | ............................................ | |
| ३. | जति/जनजाति | ........................................... | |
| ४. | धर्म | ............................................. | |
| ५. | पेशा | (क) खेती(ख) व्यापार (ग) नोकरी | |
| ६. | वैवाहिक स्थिति | (क) विवाहित (ख) अविवाहित<br>(ग) एकल | |
| ७. | विवाहित भएमा सन्तानको सङ्ख्या कति? | (क) छोराको सङ्ख्या<br>(ख) छोरीको सङ्ख्या | |
| ८. | शिक्षा ? | (क) साक्षर (ख) निरक्षर<br>(ग) एस.एल.सी (घ) उच्च शिक्षा<br>(ङ) सो भन्दा माथि | |
| ९. | सहकारीमा लाग्नुको कारण के हो ? | .............................................. | |
| १०. | कसको प्रेरणाले लाग्नुभयो ? | ............................................ | |
| ११. | सहकारीमा कहिले देखि लाग्नुभयो? | .............................................. | |
| १२ | सहकारीका साथीहरूसँग के कस्तो अर्न्तक्रिया गर्नु हुन्छ ? | (क) आर्थिक विषयमा<br>(ख) सामाजिक/सांस्कृतिक विषयमा<br>(ग) शैक्षिक विषयमा<br>(घ) राजनैतिक विषयमा | |
| १३ | सहकारीबाट तपाई सन्तुष्ट हुनुहुन्छ भने के कारणले सन्तुष्ट हुनुहुन्छ ? | क) भनेको बेलामा ऋण पाएर<br>ख) क्षमता र चेतनाको विकास गराएर | |
| १४ | सहकारीबाट तपाईले कुनै तालिम लिनुभयो ? | क) लिए ख) लिइन | |
| १५ | यदी लिनु भएको भए कुन कुन तालिम लिनु भयो ? | क) ......................................<br>ख) ......................................<br>ग) ......................................<br>घ) ...................................... | |

| | | | |
|---|---|---|---|
| १६ | तालिम लिएको उपयोगी छ वा छैन ? | क) छ ख) छैन | |
| १७ | तपाईलाई अरु कुनै तालिम लिने इच्छा छ ? | क) ………… ख) …………<br>ग)…………… घ) ………… | |
| १८ | तपाई सदस्य भएको सहकारीबाट तपाई थप के अपेक्षा गर्नुभएको छ ? | ……………………………………<br>…………………………………… | |
| १९ | सहकारीलाई अझ प्रभावकारी बनाउन तपाईको सुझाव के छ ? | ……………………………………<br>…………………………………… | |
| २० | सहकारीका बारेमा तपाईलाई अरु केही भन्न मन लागेको छ ? छ भने के भन्न चाहनुहुन्छ ? | ……………………………………<br>……………………………………<br>…………………………………… | |
| २१ | सहकारीमा लागेपछि तपाईले सोचेजस्तो फाइदा भयो या भएन? | (क) भयो<br>(ख) भएन | |
| २२ | सोचेजस्तो फाइदा भएमा के फाइदा भयो ? | (क) आर्थिक (ख) सामाजिक<br>(ग) शैक्षिक (ग) राजनैतिक<br>(ङ) अन्य | |
| २३ | फाइदा नभएमा के बेफाइदा भयो? | (क) आवश्यकपर्दा ऋण पाइएन<br>(ख) घरमा काम गर्ने समय पाइएन ।<br>(ग) परिवारमा कलह बढ्यो । | |
| २४ | सहकारीमा लागेपछि कुन कुन सिप सिक्नु भयो ? | (क) सिके (ख) सिकिन | |
| २५ | सिप सिकेको भए कस्तो सिप सिक्नु भयो ? | …………………………………… | |
| २६ | सिकेको सिपको प्रयोग भयो या भएन ? | (क) भयो (ख) भएन | |
| २७ | भयो भने त्यसको प्रयोगबाट के फाइदा भयो? | …………………………………… | |
| २८ | सहकारीमा आवद्ध भएपछि तपाईलाई राम्रै गरेजस्तो लागेको छ ? | (क) छ (ख) छैन | |
| २९ | यदि छ भने किन ? | ………………………………… | |
| ३० | यदि छैन भने किन? | ………………………………… | |

| | | | |
|---|---|---|---|
| ३१ | सहकारीबाट तपाईले ऋण लिनु भएको छ ? | क) छ ख) छैन | |
| ३२ | यदि लिनु भएको छ भने के मा खर्च गर्नुभएको छ ? | क) व्यापार व्यवसाय<br>ख) कृषि/पशुपालन<br>ग) उद्योग कलकारखाना (घरेलु)<br>घ) शिक्षा | |
| ३३ | सहकारीबाट ऋण लिनु भएको भए कुन कार्यका लागि लिनुभयो ? | ........................................ | |
| ३४ | कुनै व्यापार व्यवसाय संचालनको लागि ऋण लिनु भएको छ ? | क) छ ख) छैन | |
| ३५ | लगानी गर्नुभएको कामबाट फाईदा भएको भए कति फाइदा गर्नुभयो । | ........................................ | |
| ३६ | सहकारीबाट तालिम नलिनुभएको भए किन लिनु भएन ? | क) अवसर नपाएर<br>ख) आफुले तालिम लिन नचाहेर | |
| ३७ | तपाईले लगानी गर्नुभएको कामबाट फाइदा भएको छ ? | क) छ ख) छैन | |
| ३८ | तपाईले सहकारीबाट लिएको ऋण लगानी गरेको व्यवसायबाट कति आम्दानी भएको छ ? | क) दैनिक रु...................<br>ख) मासिक रु. ................<br>ग) वार्षिक रु........................ | |
| ३९ | आए आर्जन भएको रकम के-के मा खर्च गर्नुभएको छ ? | क) घरखर्च टार्न<br>ख) छोराछोरी/बालबच्चा पढाउन<br>ग) घरायसी सुविधा थप्न<br>घ) मनोरञ्जन गर्न<br>ङ) तिर्थब्रत वा देशदर्शन गर्न<br>च) अन्य | |
| ४० | सहकारीसँग तपाई सन्तुष्ट हुनुहुन्छ ? | क) छु ख) छैन | |
| ४१ | सहकारीमा आवद्ध भएपछि सामाजिक अवस्थामा परिवर्तन भएको पाउनुभएको छ ? | क) छ ख) छैन | |
| ४२ | तपाईको घरको काममा अन्तिम निर्णय कसले लिन्छ ? | क) श्रीमान ख) सासुससुरा<br>ग) आफै | |

| | | | |
|---|---|---|---|
| ४३ | सहकारीमा लागिसके पछाडी तपाईले समाजमा आफूले के गर्नु पर्छ जस्तो लाग्छ ? | क) छोराछोरी पढाउनु<br>ख) आफैले शिक्षा लिन<br>ग) सामाजिक सेवा गर्न<br>घ) राजनीतिमा लाग्न<br>ङ) अन्य भए उल्लेख गर्ने । | |
| ४४ | सहकारी आवद्ध भएर सञ्चालन गरेको व्यवसायले जिवन गुजारा गर्न सकेको छ कि छैन ? | क) छ ख) छैन | |
| ४५ | तपाइको घरको काममा अन्तिम निर्णय कसले गर्छ ? | क) श्रीमान् ख) सासुससुरा<br>ग) आफै घ) आपसी सल्लाह | |

अनुसूची २
फोटोहरू



श्री खैरेनीटार महिला विकास समुह सहकारीको स्थापित साधारण सभामा महिलाहरू



सहकारीको वार्षिक साधारण सभामा उपस्थित महिलाहरू




श्री खैरेनीटार महिला विकास समुह सहकारीको भवन




सहकारीको वार्षिक साधारण सभामा उपस्थित अतिथिहरू




श्री खैरेनीटार महिला विकास समुह सहकारी संस्था लि. को संचालक समिति पदाधिकारी २०६९




मसला पसल व्यवसाय गर्दै सहकारीकी सदस्य सुनिता गिरी